# जितेन्द्र महत अभिलाषीको जीवनी, व्यक्तित्व र कृतित्व

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको

प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र


शोधकर्ता

रोशन अधिकरी

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ


२०७३

जितेन्द्र महत अभिलाषीको जीवनी, व्यक्तित्व र कृतित्व   रोशन अधिकरी   २०७३

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको एम.ए. दोस्रो वर्षका विद्यार्थी रोशन अधिकारीले “जितेन्द्र महत अभिलाषीको जीवनी व्यक्तित्व र कृतित्व” शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७३/१२/३०

....................................

**उपप्रा. लेखराज खतिवडा**

शोधनिर्देशक

# स्वीकृति पत्र

१. प्रा.डा. देवीप्रसाद गौतम ............................

(विभागीय प्रमुख)

२. उपप्रा. लेखराज खतिवडा .............................

(शोधनिर्देशक)

३. प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल .............................

(बाह्य परीक्षक)

मितिः २०७३/१२/३१

शोधपत्रको मूल्याङ्कन समिति

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु उपप्रा. लेखराज खतिवडाज्यूको कुशल निर्देशनमा तयार पारेको हो । शोधपत्र लेखनका सिलसिलामा आफ्नो महत्त्वपूर्ण समय प्रदान गरी शोधपत्र तयार पार्दासम्म आवश्यक सहयोग साथै प्रेरणा तथा प्रोत्साहन प्रदान गर्नु भएकोमा म शोधनिर्देशकज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोध कार्यका लागि आवश्यक सहयोग गर्नु हुने विभागीय प्रमुख प्रा.डा. देवीप्रसाद गौतम लगायत विभागका सम्पूर्ण गुरुहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

मेरो जीवनका हरेक पाइलामा शैक्षिक सफलताको कामना गर्दै सधैँ उच्च शिक्षा अध्ययनमा लाग्न प्रेरित गरिरहने मेरा बुबा पीताम्बर अधिकारी, आमा यशोधा अधिकारी र परिवारका सम्पूर्ण सदस्यहरूप्रति म सदा आभारी छु । साथै मलाई शोधकार्य गर्नका लागि सामग्री सङ्कलनमा सहयोग गर्नु भएका मेरा साथी मधुसूदन घिमिरे, जगतमणि सोती र मलाई शोधकार्य गर्न सहयोग साथै प्रेरित गर्ने श्रीमती शकुन्तला निरौला र भाइ हरि अधिकारीप्रति पनि म विशेष आभारी छु । प्रस्तुत शोधकार्य गर्ने क्रममा सन्दर्भ पुस्तक पत्रपत्रिका, लेख रचना उपलब्ध गराइदिने त्रि.वि. केन्द्रीय पुस्तकालय र नेपाली विभागको पुस्तकालयप्रति पनि धन्यवाद प्रकट गर्दछु ।

यस शोधपत्रको तयारीका सिलसिलामा यथाशक्य सामग्री उपलब्ध गराउनुका साथै व्यस्त जीवनमा पनि आवश्यक सूचना प्रदान गरी आफ्नो महत्त्वपूर्ण विचार व्यक्त गरिदिनु हुने शोध नायककी श्रीमती मिठुकुमारी, छोरा अरूण महत, भाइ दीपक महत र उपप्रा. राजुमान डङ्गोल, कलाकार मदनदास श्रेष्ठको उल्लेखनीय सहयोगप्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागसमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७३/१२/३०

**रोशन अधिकारी**
शैक्षिक सत्र : २०६६/०६७
नेपाली केन्द्रीय विभाग
त्रि.वि. कीर्तिपुर, काठमाडौँ ।

# विषय सूची

## पहिलो परिच्छेद
## शोधपरिचय


१.१ विषयपरिचय १

१.२ समस्याकथन २

१.३ शोधको उद्देश्य ३

१.४ पूर्वकार्यको विवरण र समीक्षा ३

१.५ शोधको औचित्य र महत्त्व ५

१.६ शोधको सीमाङ्कन ६

१.७ शोधविधि ६

१.७.१ सामग्री सङ्कलन विधि ६

१.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार एवम् ढाँचा ७

१.८ शोधपत्रको रूपरेखा ७


## दोस्रो परिच्छेद
## जितेन्द्र महत अभिलाषीको जीवनी


२.१ विषयपरिचय ९

२.२ जन्म र जन्मस्थान १०

२.३ दाजुभाइ तथा दिदीबहिनीहरू १०

२.४ वंश परम्परा १०

२.५ बाल्यावस्था १३

२.६ व्रतबन्ध १३

२.७ शिक्षादीक्षा १३

२.७.१ अक्षरारम्भ र प्रारम्भिक शिक्षा १३

२.७.२ विद्यालयीय शिक्षा १४

२.७.३ शिक्षा १४

२.७.४ स्वाध्ययन १५

२.८ दाम्पत्य जीवन १५
२.९ सन्तान १६
२.१० आर्थिक स्थिति र आजीविका १६
२.११ रुचि र स्वभाव १७
२.१२ कला साहित्यमा प्रेरणा र प्रभाव १८
२.१३ लेखन कार्य १८
२.१४ सम्पादन कार्य १९
२.१५ संस्थागत संलग्नता १९
२.१६ सम्मान तथा पुरस्कार २०
२.१७ साहित्यिक धारणा र जीवनदर्शन २१
२.१८ जीवनका अविस्मरणीय घटनाक्रम २२
२.१९ निष्कर्ष २२

**तेस्रो परिच्छेद**

**जितेन्द्र महत अभिलाषीको व्यक्तित्व**

३.१ विषयपरिचय २४
३.२ आन्तरिक व्यक्तित्व २४
३.३ बाह्य व्यक्तित्व २४
३.४ शारीरिक व्यक्तित्व २५
३.५ स्वभावगत विशेषता २५
३.६ साहित्यिक व्यक्तित्व २५
३.६.१ कवि व्यक्तित्व २६
३.६.२ कथाकार व्यक्तित्व २६
३.६.३ उपन्यासकार व्यक्तित्व २६
३.६.४ नाटककार व्यक्तित्व २७
(क) बालनाटककार २७
(ख) प्रयोगवादी नाटककार २७
(ग) राजनीतिक अवस्थाको चित्रण २८

(घ) प्रयोगधर्मी नाटककार २८
३.६.५ निबन्धकार व्यक्तित्व २८
३.६.६ गजलकार व्यक्तित्व २९
३.७ लेखक व्यक्तित्व २९
३.८ समालोचक व्यक्तित्व २९
३.९ पत्रकार व्यक्तित्व ३०
३.१० निर्देशक व्यक्तित्व ३०
३.११ कलाकार व्यक्तित्व ३०
३.१२ राजनीतिक व्यक्तित्व ३०
३.१३ सामाजिक व्यक्तित्व ३१
३.१४ चिन्तनशील व्यक्तित्व ३१
३.१५ निष्कर्ष ३१

**चौथो परिच्छेद**

**जितेन्द्र महत अभिलाषीको प्रकाशित कृतिहरूको अध्ययन**

४.१ विषयपरिचय ३३
४.२ जितेन्द्र महत अभिलाषीका प्रकाशित कृतिहरूको परिचय ३३
४.२.१ जितेन्द्र महत अभिलाषीका फुटकर कृतिहरूको अध्ययन विश्लेषण ३४
४.३ श्री ५ रणबहादुर शाह नाटकको विधागत अध्ययन ४१
४.३.१ कथानक ४५
४.३.२ पात्र वा चरित्र ४६
(क) श्री ५ रणबहादुर शाह ४८
४.३.३ परिवेश ५०
४.३.४ दृष्टिविन्दु ५१
४.३.५ मुख्य चिन्तन ५१
४.४ जितेन्द्र महत अभिलाषीको नाट्य प्रवृत्ति ५१
४.४.१ ऐतिहासिकता ५२
४.४.२ बालनाटककार ५२

४.४.३ प्रयोगवादी नाटककार ५३
४.४.४ राजनीतिक अवस्थाको चित्रण ५३
४.४.५ विज्ञान प्रविधि प्रयोगधर्मी नाटककार ५४
४.४.६ बिम्ब र प्रतीक ५४
४.४.७ भाषाशैली ५४
४.५ निष्कर्ष ५५

## पाँचौ परिच्छेद

## उपसंहार तथा निष्कर्ष

५.१ सारांश ५६
५.२ निष्कर्ष ५६
**सन्दर्भ सामग्रीसूची** **६०**
परिशिष्ट-१ ६१
परिशिष्ट-२ ६३
परिशिष्ट-३ ६६

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषय परिचय

नेपाली रङ्गमञ्चदेखि ठूलो पर्दाको चलचित्रसम्म उत्तिकै सशक्त खुबी प्रस्तुत गर्न सफल जितेन्द्र महत अभिलाषीको जन्म वि.सं. २००० भदौ २५ गते नुवाकोट जिल्लाको कविलासमा भएको थियो । औपचारिक रूपमा आई.ए. सम्मको अध्ययन पूरा गरेका अभिलाषीले अनौपचारिक रूपमा विविध विषयको तालिम र स्वाध्यायनबाट आफ्नो ज्ञानको क्षेत्रलाई फराकिलो बनाएको पाइन्छ । नाट्यलेखन र अभिनयात्मक क्षमता प्रदर्शनमा पनि उनको अग्र पङ्क्तिमा रहेको छ । जसको कारण उनलाई एउटा सफल रङ्गकर्मी तथा साहित्यकार मान्न सकिन्छ ।

अभिलाषीले विद्यार्थी जीवनदेखि नै रङ्गमञ्चीय साहित्यमा रुचि लिएको पाइन्छ । उनी नाटक, एकाङ्की, रेडियो प्रस्तोता, अभिनयकर्ता, निर्देशक, सम्पादक जस्ता बहुआयामिक क्षेत्रमा संलग्न भए पनि उनको मुख्य कार्य क्षेत्र भने रङ्गमञ्चीय अभिनय र रेडियो नाटक प्रस्तोताका रूपमा रहेको पाइन्छ । जीवन निर्वाहका निम्ति नेपाली सेनामा जागिर खाँदा उक्त संस्थाका विभिन्न समयमा हुने राष्ट्रिय दिवस आदिमा सानातिना नाटक लेख्ने र मञ्चन गर्दै अगाडि बढेका अभिलाषीको पहिलो साहित्यिक रचना *श्री ५ रणबहादुर शाह* (वि.सं.२०२६) नामक ऐतिहासिक नाटक हो जुन उनकै निर्देशन र अभिनयमा देखाइएको थियो । यसरी साहित्यका विविध आयामलाई सफलतापूर्वक अगाडि बढाउँदै देश र जनताप्रति चेतनामूलक सन्देश प्रवाह गर्ने अभिलाषीको मृत्यु २०६१ असोज ११ गते भएको थियो ।

रेडियो नाटकबाट ख्याति आर्जन गरेका अभिलाषीले आफ्नो जीवनकालमा ४८२ नाटकमा स्वराभिनय गर्नुका साथै ४६० रेडियो नाटक तथा ६० वटा रङ्गमञ्चीय नाटकमा काम गरेको पाइन्छ । ती नाटकमध्ये धेरै रेडियो नाटक अभिलाषी स्वयंले लेखेका र विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । टेलिचलचित्र र ठूलो पर्दामा

समेत कुशल अभिनेताका रूपमा चिनिएका कलाकार अभिलाषीले चक्रब्यूह, अँध्यारो र उज्यालो, टाढाको बस्ती, मार्शल जस्ता ४० ओटा जति टेलिचलचित्र तथा मनको बाँध, वासुदेव, अन्याय, कोसेली, चिनो, वसन्ती, लगनगाँठो, सीमारेखा लगायत तिन दर्जन जति ठूलो पर्दाका चलचित्रमा विभिन्न भूमिकामा आफ्नो कुशल अभिनय प्रस्तुत गरेका छन् । तत्कालीन राजा महेन्द्र र वीरेन्द्रबाट मञ्चमै नगद पुरस्कार समेत पाएका अभिलाषी सर्वनाम पुरस्कारले सम्मानित भएको पाइन्छ । रङ्गमञ्चीय अभिनयको कुशलता प्रदर्शन गर्नु उनको नाट्यकारिताको प्रमुख विशेषता हो । संवादलाई जनसाधारणका बीचमा प्रस्तुत गरी उनीहरूको स्वतन्त्रता, अधिकार र निम्न वर्गका साथै सम्पूर्ण नागरिकहरूको हकहित र कल्याणका पक्षमा नाटक लेख्ने कार्यमा उनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । शाहवंशीय राजाहरूलाई आफ्ना रचनामा उनले प्रमुख रूपमा स्थापित गरेका छन् । अतः रङ्गमञ्चीय नाट्यविधाका प्रमुख स्रष्टा अभिलाषीको जीवनी व्यक्तित्व र कृतित्वलाई यस शोधकार्यमा मूल शोध्य विषय बनाई अध्ययन गरिएको छ ।

## १.२ समस्याकथन

चौध वर्षको लामो सैनिक जीवनकालदेखि नै साहित्य र अभिनयको क्षेत्रमा अनुरागी बन्न थालेका जितेन्द्र महत अभिलाषीले विराटनगरमा (२०१४) सालमा मोरङ सांस्कृतिक समितिमा आफ्नो नाटक अभिनय कलाको प्रारम्भ गरेका थिए । नेपाली रङ्गमञ्चदेखि ठूलो पर्दाको चलचित्रसम्म उत्तिकै कुशल भूमिकामा प्रस्तुत भएका अभिलाषीको जीवनी व्यक्तित्व र कृतित्वका बारेमा सामान्य रूपमा चर्चा परिचर्चा भए पनि बृहत् रूपमा अध्ययन हुन सकेको छैन । त्यसैले प्रस्तुत शोधपत्र जीतेन्द्र महत अभिलाषीको जीवनी व्यक्तित्व र कृतित्वको विविध पक्षलाई प्रकाशमा ल्याउनका लागि निम्नानुसारका समस्यासँग सम्बन्धित रहेको छ । जसलाई तलका शोध प्रश्नहरूबाट थप स्पष्ट पार्न सकिन्छ :

(क) जितेन्द्र महत अभिलाषीको जीवनी के कस्तो छ ?

(ख) जितेन्द्र महत अभिलाषीको व्यक्तित्वका के कस्ता पाटा छन् ?

(ग) जितेन्द्र महत अभिलाषीको कृतित्व के कस्तो रहेको छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू यसप्रकार छन् :

(क) जितेन्द्र महत अभिलाषीको जीवन प्रस्तुत गर्नु,

(ख) जितेन्द्र अभिलाषीका व्यक्तित्वका विभिन्न पाटाहरू केलाउनु,

(ग) जितेन्द्र महत अभिलाषीको कृतित्वको निरूपण गर्नु ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

जितेन्द्र महत अभिलाषीले नेपाली रङ्गमञ्चदेखि ठूलो पर्दासम्म उल्लेख्य योगदान दिएका छन् । मूलतः रेडियो नाटककर्मी र अभिनेताका रूपमा परिचित अभिलाषीका एउटा पूर्णाङ्की नाटक, एउटा लघुनाटकसङ्ग्रह, एउटा चित्रात्मक नाटक गरी तीन कृति प्रकाशित भएका छन् भने उनका *गरिमा* लगायतका धेरै पत्रपत्रिकामा विभिन्न रचनाहरू प्रकाशित भएका भेटिन्छन् । यसरी साहित्यका विविध विधाको रचना गरेका अभिलाषीका बारेमा हालसम्म गहन रूपमा खासै अध्ययन भएको देखिँदैन । उनको समग्र जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा पनि कुनै सघन विस्तृत, व्यवस्थित र विवरणात्मक शोध तथा समालोचना लेखिएको पाइँदैन । यहाँ अभिलाषीका बारेमा हालसम्म केही पुस्तक र पत्रपत्रिकामा गरिएका चर्चा परिचर्चाहरूको विवरण सङ्क्षेप र कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

कृष्ण तिम्सिनाले 'एकसन' शीर्षकको *नेपाल समाचारपत्र* (२०५४) मा प्रकाशित लेखमा अभिलाषीको व्यक्तित्व र स्वभावको विषयमा चर्चा गरेका छन् । उक्त लेखमा तिम्सिनाले अभिलाषीले कलाप्रति देखाएको त्याग र तपस्याका बारेमा उल्लेख गरेका छन् । यस सिलसिलामा तिम्सिनाले अभिलाषीले नेपाली रङ्गकर्मीका रूपमा रहेर काम गर्दा भोगेका सुखदुःखका साथै सरकारीतर्फबाट नेपाली चलचित्रलाई हेर्ने दृष्टिकोण अनि नातावाद र कृपावादले चलचित्रमा पारेको प्रभावका साथै विश्व सिनेमा बजारमा नेपाली सिनेमाको स्तरलाई 'अमिलापीडा' अन्तर्गत समावेश गरेका छन् । यसबाट अभिलाषीको नाट्य क्षेत्रमा रहेको लगाव र प्रभावका विषयमा स्पष्ट जानकारी प्राप्त

हुन्छ । यसरी यस लेखमा तिम्सिनाले प्रतिभाशाली नाटककारका रूपमा अभिलाषीलाई चिनाएका छन् ।

'सर्वनामको सत्रौ वार्षिकोत्सव : सर्वनाम पुरस्कार अभिलाषीलाई' शीर्षक दिई *हिमालय टाइम्स* (२०५५) सम्पादकीयमा प्रकाशित गरेको समाचारमूलक लेखमा अभिलाषीले १४ वर्षको उमेरदेखि नै निरन्तर नाट्य क्षेत्रमा रुचि देखाएका कुराको उल्लेख गरेका छन् । यस लेखमा अभिलाषीले नाट्यक्षेत्रमा पुऱ्याएको योगदानको चर्चा पनि गरिएको छ । सामान्य परिवारमा जन्मिएर आफ्ना सन्तान र परिवारप्रति भन्दा पनि आफ्नो कार्यक्षेत्रमा दत्तचित्त भएर अभिलाषीले नाट्यक्षेत्रमा गहन योगदान पुऱ्याएको कुरा यस लेखमा प्रस्तुत गरिएको छ ।

डब्बु क्षेत्रीले 'कला क्षेत्रमा अभिलाषीको अभाव खड्किरहनेछ' शीर्षकको *राजधानी* (२०६१) पत्रिकामा प्रकाशित लेखमा अभिलाषीको जन्म, जन्मस्थान तथा नाट्यकृति एवं उनले दिएको योगदानका बारेमा चर्चा गर्दै उनको निधनले कला क्षेत्रमा अभाव खड्किएको छ भनी बताएका छन् । उनको यस विश्लेषणात्मक टिप्पणीबाट अभिलाषी नेपाली सञ्चार र नाट्यकला एवम् अभिनयक्षेत्रमा प्रसिद्ध व्यक्ति थिए भन्ने कुरा स्पष्ट हुन्छ । यस लेखमा अभिलाषीको बाल्यकाल, जन्मस्थल र उनका नाट्यकृतिहरूका विषयमा छोटो चर्चा पनि गरिएको छ ।

'अभिलाषीको निधन' शीर्षकको *नेपाल समाचारपत्र* (२०६१) सम्पादकीय लेखमा अभिलाषीले आफ्नो जीवनकालमा गरेका कामको विवरण प्रस्तुत गरेका छन् । ४ सय ८२ नाटकमा स्वराभिनय गरेर श्रोताको मन जित्दै आएका थिए भने ४ सय ६० रेडियो नाटक तथा ६० रङ्गमञ्चीय नाटक स्वयंले लेखेको कुरा उल्लेख गरेका छन् । यसबाट अभिलाषीको नाट्य साहित्यप्रतिको संलग्नता स्पष्ट हुन्छ । यसरी यस लेखमा अभिलाषीले आफ्नो जीवनकालमा गरेका महत्त्वपूर्ण कार्यहरूको विवरण प्रस्तुत गरिएको हुँदा यो लेख उनका विषयमा अध्ययन गर्नका लागि निकै सहयोगी हुने देखिन्छ ।

आर.एम. डङ्गोलले 'सार्थक जीवनका लागि मृत्यु चिन्तन' शीर्षकको *त्रिशुली प्रवाह* (२०६१) मा प्रकाशित लेखमा जितेन्द्र महत अभिलाषीको मृत्युले मर्माहत बनाएको करा उल्लेख गर्दै रेडियो नाटकका क्षेत्रमा उनले पुऱ्याएको योगदानको प्रशंसा गरेका छन् । आफू उनका नाटकको नियमित स्रोता भएको भन्दै डङ्गोलले त्यस बेला रेडियो नाटकमा उनको स्वराभिनय मात्र नभएर निर्देशक, सर्जक भएर झन्डै पाँच सयको सङ्ख्यामा रेडियो नाटकमा काम गरेका कुराको  उल्लेख गरेका छन् । यस क्रममा डङ्गोलले अभिलाषीले रेडियो नाटक मात्र होइन अनेक चलचित्र, टेलिचलचित्र र रङ्गमञ्चबाट कलाकार व्यक्तित्वलाई निखारेका छन् भन्ने कुरा पनि उल्लेख गरेका छन् । आज अभिलाषीको पार्थिव शरीर नभए पनि अभाव र अमरत्व सदैव रहिरहनेछ भनेर डङ्गोलले उक्त लेखमा अभिलाषीको नाट्यलेखन र अभिनयका क्षेत्रमा रहेको प्रभावलाई स्मरण गरेका छन् । यसरी हेर्दा डङ्गोलले अभिलाषीले साहित्य र कलाक्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गर्दै नेपाली नाट्यक्षेत्रमा उनको मृत्युले क्षति पुगेको कुरा उल्लेख गरेका छन् ।

माथि उल्लिखित पूर्वकार्यको विवरणात्मक समीक्षाबाट साहित्यकार एवम् कलाकर्मी जितेन्द्र महत अभिलाषी नेपाली नाट्यलेखन एवम् अभिनयक्षेत्रमा प्रसिद्ध व्यक्ति हुन् भन्ने कुराको जानकारी पाइन्छ । उनका विषयमा जेजति मात्रामा खोज, अध्ययन र अनुसन्धान हुनु पर्दथ्यो त्यो हुन सकेको छैन । उनका विषयमा हालसम्म भएका सामान्य अध्ययन एवम् टीकाटिप्पणीहरू पर्याप्त छैनन् । अतः यस शोधमा जितेन्द्र महत अभिलाषीको जीवनी, व्यक्तित्व र कृतित्वका विविध पक्षमा गहन अध्ययन एवम् विश्लेषण गरिएको छ ।

## १.५ शोधको औचित्य र महत्त्व

जितेन्द्र महत अभिलाषी कला र साहित्यको क्षेत्रमा प्रसिद्ध व्यक्ति हुन् । उनले नेपाली नाटकलेखन र निर्देशनका क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । त्यस्तै रेडियो लघुनाटक लेखन तथा निर्देशन, अभिनय एवम् सम्पादनका क्षेत्रमा पनि उनको नाम अग्रस्थानमा रहेको पाइन्छ । पेसाका हिसाबले सञ्चारकर्मी अर्थात् रेडियो

नेपालका प्रस्तोता अभिलाषीले विभिन्न प्रकारका रेडियो कार्यक्रम उत्पादन तथा सञ्चालनमा आफूलाई सक्रिय रूपमा प्रस्तुत गरेका थिए । उनको बहुमुखी प्रतिभा र क्षमताको पहिचान गर्ने उद्देश्यका साथ तयार पारिएको यो शोधपत्र आफैमा औचित्यपूर्ण छ । साथै भविष्यमा जितेन्द्र महत अभिलाषीका विषयमा जानकारी राख्न चाहने जिज्ञासु पाठक, लेखक, पत्रकार, सम्पादक, नाट्यकर्मी, शोधकर्ता र अध्ययन अनुसन्धानकर्ताका लागि समेत प्रस्तुत शोध महत्त्वपूर्ण रहेको छ ।

## १.६ शोधको सीमाङ्कन

बहुमुखी प्रतिभाका धनी व्यक्तित्व जितेन्द्र महत अभिलाषीको जीवनी र व्यक्तित्वमा धेरै आयाम र क्षेत्रहरू रहेका छन् । उनका सम्पूर्ण आयाम र क्षेत्रहरूको गहन अध्ययन अनुसन्धान गर्ने कार्य समय र लागतका दृष्टिले पनि जटिल भएकाले प्रस्तुत शोधमा खास गरी जितेन्द्र महत अभिलाषीको सङ्क्षिप्त जीवनी, व्यक्तित्व र कृतित्वका विषयमा मात्र अध्ययन गरिएको छ । यही नै यस शोधको सीमा रहेको छ ।

## १.७ शोधविधि

शोधविधि भन्नाले शोधकार्य गर्ने तरिका, पद्धति वा नियम भन्ने बुझिन्छ । यसअन्तर्गत सामग्री सङ्कलन विधि तथा सामग्री विश्लेषणको सैद्धान्तिक आधार वा ढाँचा पर्दछन् ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य तयार गर्ने क्रममा आवश्यक पर्ने प्राथमिक सामग्री र द्वितीयक सामग्री गरी दुवै प्रकारका सामग्रीहरूको सङ्कलन गरिएको छ । अभिलाषीका रचनाहरू यस शोधका लागि आवश्यक पर्ने प्राथमिक सामग्री हुन् भने अभिलाषीका बारेमा लेखिएका लेख तथा पुस्तकहरू यस शोधका लागि आवश्यक पर्ने द्वितीयक सामग्री हुन् । यी दुवै (प्राथमिक र द्वितीयक ) सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यस सिलसिलामा अभिलाषीको जीवनी व्यक्तित्व र कृतित्व पक्षको अध्ययन गर्ने क्रममा शोधनायकसँग प्रत्यक्ष, अप्रत्यक्ष सम्बन्ध राख्ने परिवार,

दाजुभाइ, इष्टमित्र र उनीसँग परिचित व्यक्ति एवम्  सङ्घसंस्थाको प्रतिनिधिसँग भेटघाट गरी लिखित एवम् मौखिक प्रश्नावलीद्वारा आवश्यक जानकारी लिइएको छ । यसैगरी सम्बन्धित विषयका बारेमा पत्रपत्रिका तथा पुस्तकहरूमा गरिएका टिप्पणी समीक्षा र उनको निजी डायरी आदिलाई सहायक सामग्रीका रूपमा उपयोग गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा

यस शोधकार्यमा जीवनीलाई प्रस्तुत गर्ने क्रममा जीवनीपरक समालोचना प्रणाली र कृतित्व पक्षको विश्लेषणका निम्ति विधा सिद्धान्तलाई अवलम्बन गरिएको  छ । कृति वा रचनाको विवेचनाका क्रममा भने तत् तत् विधाहरूमा स्थापित विधातात्विक मान्यतालाई नै आधारमा बनाइएको छ । यहाँ खासगरी जीतेन्द्र महत अभिलाषीको जीवनी र व्यक्तित्वका विविध आयाम पाटा र क्षेत्रलाई निर्धारण गर्नको लागि जीवनीपरक समालोचना र पद्धतिलाई आधार मानिएको छ भने उनीद्वारा लिखित साहित्यिक कृतिहरूको विश्लेषणका लागि विधातात्विक विधि अपनाइएको छ । यही नै यस शोधको सामग्री विश्लेषणको प्रमुख आधार हो ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित गर्नका लागि निम्नानुसारका पाँच परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : जितेन्द्र महत अभिलाषीको जीवनी

तेस्रो परिच्छेद : जितेन्द्र महत अभिलाषीको व्यक्तित्व

चौथो परिच्छेद : जितेन्द्र महत अभिलाषीका कृतिहरूको विश्लेषण

पाँचौं परिच्छेद : सारांश तथा निष्कर्ष

माथि उल्लिखित परिच्छेदलाई आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजन गरिएको छ । साथै शोधपत्रको अन्त्यमा सन्दर्भग्रन्थ सूची र परिशिष्ट पनि प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद

# जितेन्द्र महत अभिलाषीको जीवनी

## २.१ विषय परिचय

वि.सं. २००० मा नुवाकोटमा जन्मिएका जितेन्द्र महत अभिलाषी एक कुशल रेडियो प्रस्तोता एवम् कलाकर्मी हुन् । उनले नेपाली साहित्य र कलाका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । निम्न मध्यम वर्गीय परिवारमा जन्मिएका अभिलाषीले बाल्यकालमा धेरै प्रकारका सुखदु:खका अनुभवहरू भोगेका थिए जसको प्रत्यक्ष प्रभाव उनका नाट्य रचनाहरूमा परेको भेटिन्छ ।

आफ्नो जीवन भोगाइका विविध अनुभव एवम् त्यसको प्रत्यक्ष प्रभाव उनका साहित्यिक रचनाहरूमा परेको पाइन्छ । साहित्य, कला र सञ्चारको त्रिवेणीका रूपमा परिचित व्यक्तित्व अभिलाषीको जीवनीका विभिन्न आयाम एवम् पाटाहरू रहेका छन् । साथै बहुमुखी प्रतिभाका धनी व्यक्ति अभिलाषीका व्यक्तित्वका समेत धेरै आयामहरू रहेका पाइन्छन् जसलाई विभिन्न उपशीर्षक अन्तर्गत समावेश गरी यस शोधमा प्रस्तुत गरिएको छ ।

साहित्यकार एवम् सञ्चारकर्मी जितेन्द्र महत अभिलाषीको औपचारिक शिक्षारम्भ २००६ सालबाट भएको हो । नुवाकोट स्थित आफ्नै गाउँमा रहेको भाषा पाठशालाबाट श्रीपञ्चमीका दिन गुरु जीवनाथ अधिकारीबाट उनको अक्षरारम्भ भएको पाइन्छ । अध्ययनमा गहिरो रुचि भएका अभिलाषी एस.एल.सी. परीक्षामा द्वितीय श्रेणीमा उत्तीर्ण भएका थिए । पारिवारिक अवस्था एवम् जागिरे जीवनको कारण उच्च शिक्षामा भने उनले समय खर्चन सकेनन् ।

अभिलाषीले औपचारिक रूपमा आइ.एड. तहसम्मको मात्र अध्ययन पूरा गरेका थिए । उनको स्वाध्यायनको पाटो भने आफ्नो जीवन पर्यन्त निरन्तर चलिरहेको पाइन्छ । उनी बाल्यकालदेखि नै एकान्तप्रेमी स्वभावका थिए । साहित्य र कलाप्रति उनको विशेष रुचि थियो । जसको फलस्वरूप उनी एउटा सफल कलाकर्मी, प्रस्तोता

र साहित्यकार व्यक्तित्वका रूपमा सर्वत्र परिचित छन् । अतः यस परिच्छेदमा खास गरी जितेन्द्र महत अभिलाषीको जीवनीको विषयमा सङ्क्षिप्त जानकारी प्रस्तुत गरिएको छ ।

## २.२ जन्म र जन्मस्थान

जितेन्द्र महत अभिलाषीको जन्म २००० साल भदौ २५ गते मङ्गलवार कृष्णपक्ष सप्तमी तिथि (इ.सं. १९४३ सेप्टेम्बर १०) का दिन बाबु पूर्णबहादुर महत र आमा लक्ष्मीकुमारी महतका माइला सुपुत्रका रूपमा भएको हो । उनको जन्म नुवाकोट जिल्लाअन्तर्गत कविवासस्थित आफ्नै घरमा भएको हो । उनको जन्म समयमा घरमा सामान्य पूजाआजा भइरहेको थियो । (अभिलाषीका दाजु देवेन्द्रसिंह महतबाट प्राप्त जानकारी) । वृष राशीअन्तर्गत रोहिणी नक्षत्रको शुभ मूर्हतमा जन्म भएको र न्वारानको नाम शम्भु महत राखिएको भए पनि हालको प्रचलित नाम भने जितेन्द्र महत अभिलाषी नै हो । यसै नामबाट उनी राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा समेत परिचित छन् ।

## २.३ दाजुभाइ तथा दिदीबहिनीहरू

जितेन्द्र महत अभिलाषीको आफ्नो आमाबाबुको दोस्रो सन्तानका रूपमा जन्म भएको हो । उनकी एक मात्र बहिनी गीता महत हुन् । उनी सहित उनका एक दाजु राजन महत तथा तीन भाइहरू लोकेन्द्र महत, जगदीश महत र दीपक महत गरी जम्मा पाँचजना दाजुभाइ रहेका छन् । उनकी बहिनी विवाहपश्चात् आफ्नै घरमा बस्दै आएकी र दाजुभाइ पनि आफ्नो-आफ्नो घरव्यवहार गरेर बसेको जानकारी पारिवारिक स्रोतबाट पाइन्छ (अभिलाषीकी श्रीमती मीठुकुमारी महतबाट प्राप्त जानकारी) ।

## २.४ वंश परम्परा

आफ्ना बाबु बाजे र बराजुतर्फका मुख्य अभिभावकहरूको खोजी गरी त्यसको सूची निर्माण गर्ने कार्यलाई नै वंशावली निर्माण कार्य भनिन्छ । एउटै पूर्वजका सन्तानहरू विभिन्न क्षेत्रमा विभाजित भइ भौगोलिक, आर्थिक, सामाजिक तथा भाषा,

भेषभूषा, रीतिरिवाज समेतमा फरक पर्न गए पनि एक निश्चित परिवारका सबै सदस्यहरू एकै वंशअन्तर्गत पर्दछन् । यस आधारमा जितेन्द्र अभिलाषीको वंश परम्पराको अध्ययन गर्दा निम्न बमोजिमको प्रमाण प्राप्त हुन्छ ( महतको वंशावलीबाट प्राप्त जानकारी) ।


महत् भन्नाले ठूलो, महान्, विशाल, प्रचण्ड, उग्र, व्यापक, महत्त्वपूर्ण भन्ने अर्थ लाग्दछ । महतका बारेमा विभिन्न विद्वान्हरूको अलगअलग धारणा रहेको पाइन्छ । विद्वान्हरूका अनुसार महत थर नभई पद हो । योगी नरहरिनाथका अनुसार महत शब्द महापात्र, महामात्य, महत्तर, महत्यारा, महत, महत्र र महत् हुँदै महतमा आइपुगेको हो भनी भरतराज महतको महत वंश परिचय नामक पुस्तकमा उल्लेख गरेका छन् । महत्तम भन्नाले सबैभन्दा ठूलो, मुख्य मानिस राजभवनको प्रतिहार हुन्छ । प्राचीन भारतमा महत्तरलाई र कर्णाली राज्यमा महतारालाई गाउँ प्रमुखका रूपमा चिनिन्थ्यो । यसरी हेर्दा गाउँ प्रमुखदेखि प्रधानमन्त्रीसम्मका पदहरूमा आसीन व्यक्तिहरूलाई महत भन्ने गरिएको जानकारी पाइन्छ । यसप्रकार 'महत' शब्द थर नभई पद भएको पुष्टि हुन्छ ।

*कुमाउको इतिहास* नामक पुस्तकका लेखक बद्रीदत्त पाण्डेले आफ्नो पुस्तकमा भारतद्वाज गोत्री क्षत्रीहरू मैनपुरीबाट आएका र तिनीहरू चौहान राजपूत भएको कुरा उल्लेख गरेका छन् । भारतद्वाज गोत्रीको पहिलो पुर्खा जंगदेव हुन् । 'महत' पनि भारतद्वाज गोत्री हो भनी उक्त पुस्तकमा उल्लेख गरे पनि हाल भारतद्वाज गोत्री महत कतै पाइँदैन । कुमाउबाट कर्णाली खस राज्यमा बस्दै आएका र पछि पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानमा संलग्न हुँदै जाँदा नेपालका विभिन्न ठाउँमा बस्दै आएको पाइन्छ । यसरी बसोवास गर्ने क्रममा महतहरू दुई थरी भएको अनि नुवाकोटे महतहरू काश्यप गोत्री र अन्य ठाउँमा बसोवास गर्ने महतहरू शाण्डिल्य गोत्री भएको कुरा शोधनायकका भाइ लोकेन्द्र महतले बताएका छन् । यसरी हेर्दा महतका दुई प्रकारका गोत्र भएको पाइए तापनि यिनीहरूका बिचमा विवाह भएको पाइँदैन । (स्रोत : महत  वंशावलीका आधारमा) ।

मल्लकालमा जयस्थिति मल्लका जेठा छोरा युवराज धर्म मल्लको 'महत' लाई माथिल्लो तहमा राखेको पाइन्छ । भक्तपुरका राजारूद्र मल्लका पालादेखि जयस्थिति मल्लका पालासम्म महतहरू महामन्त्री र उच्च पदमा रहेका देखिन्छन् । जयस्थिति मल्लका पालामा महामन्त्री जयसिंहराम पनि महत नै रहेको उल्लेख भएको छ । वि.सं.१८३७ मा गजेन्द्र महत नुवाकोटको खोले गाउँमा बसोवास गरेको आधिकारिक प्रमाण फेला परेको कुरा *महत वंश परिचय* मा उल्लेख गरिएको पाइन्छ । वि.सं. १८५६ मा केदार महतले पशुपतिमा धर्मपात्र चढाएका थिए भन्ने कुरा गोविन्द टण्डनले आफ्नो पुस्तक *पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन* मा उल्लेख गरेका छन् ।

भारतको कुमाउबाट नेपालको कर्णाली प्रदेशमा प्रवेश गरेका महतहरू नेपालको एकीकरणसँगै विभिन्न स्थानमा बसोवास गर्ने क्रममा शाण्डिल्य र काश्यप दुई गोत्रमा विभाजित रहेको पाइन्छ । शाण्डिल्य गोत्रीय महतहरू कालीलाई इष्टदेवी मान्ने र काश्यप गोत्रीय महतहरूले महारूद्र, विन्दवासिनी, चण्डी र गणनायकलाई कुल देवी देवता मान्दै आएको कुरा शोधनायकको परिवारबाट थाहा भएअनुसार शोध नायक जितेन्द्र महत अभिलाषी काश्यप गोत्रीय क्षत्री भएको कुरा पुष्टि भएको छ । यहाँ उनको वंश र परम्परालाई संक्षेपमा प्रस्तुत गरिएको छ ।

**महत वंशावली**




(स्रोत : महत वंशावली) ।

## २.५ बाल्यावस्था

निम्न मध्यम वर्गीय परिवारमा जन्मेका जितेन्द्र महत अभिलाषीको बाल्यावस्था सामान्य किसिमको रहेको बुझिन्छ । उनी जन्मेको केही महिनामा आमा बिरामी पर्दा माइजूको दूध खाएर प्राण बचाएका अभिलाषीको बाल्यकाल त्यति सहज देखिँदैन । ८ वर्षसम्मको समयावधि आफ्नै जन्मघरमा बितेको कुरा शोधनायकका दाइबाट जानकारी पाइन्छ । तत्पश्चात्को समय बुबाको जागिरको क्रमसँगै काठमाडौँको छेत्रपाटीमा बितेको थियो । अभिलाषी सानैदेखि भावुक, कल्पनाशील र अन्तर्मुखी स्वभावका थिए । उनका बाल्यकालका साथीहरू नूरबहादुर आलेमगर, होम बहादुर महत, केदार तामाङ, धन बहादुर पाण्डे, रविन्द्र महत, मुरारी महत, आदि मुख्य भएको कुरा जानकारी पाइन्छ (अभिलाषीका दाजु देवेन्द्रसिंह महतबाट प्राप्त जानकारी) ।

## २.६ व्रतबन्ध

क्षेत्री परिवारमा जन्मेका जितेन्द्र महत अभिलाषीको व्रतबन्ध संस्कार .२०१० साल माघमा १० वर्षको उमेरमा आफ्नै घरमा वैदिक परम्परागत ढङ्गमा सम्पन्न भएको जानकारी पाइन्छ । उनी आफ्नो व्रतवन्धपश्चात् धार्मिक विधि, पद्धति र संस्कार अनुरूपको आचरण र व्यवहार प्रस्तुत गर्दथे । यसबाट उनको धार्मिक आस्था र विश्वास पनि प्रकट हुन्छ । उनको व्रतबन्ध हिन्दू धार्मिक विधि र पद्धतिअनुरूप भएको कुरा स्पष्ट हुन्छ (अभिलाषीका दाजु देवेन्द्रसिंह महतबाट प्राप्त जानकारी) ।

## २.७ शिक्षादीक्षा

जीतेन्द्र महतले आफ्नो जीवनकालमा प्राप्त गरेको शैक्षिक उपलब्धीलाई निम्न लिखित चार तहमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ ।

### २.७.१ अक्षरारम्भ र प्रारम्भिक शिक्षा

जितेन्द्र महत अभिलाषीको अक्षरारम्भ आफ्नै घरगाउँमा रहेको भाषा पाठशालामा २००६ साल श्रीपञ्चमीका दिन गुरु जीवनाथ अधिकारीबाट भएको थियो ।

उनको प्रारम्भिक शिक्षा आर्जनमा आफ्ना घरका अग्रजहरूको पनि महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । पढाइमा अत्यन्त रुचि भएका अभिलाषीले नेपाली वर्णमालालाई दुई महिनामा नै सिध्याएर सहपाठी र गुरु सबैलाई आश्चर्यमा पारेका थिए । यसरी हेर्दा उनको प्रारम्भिक शिक्षा उत्साहजनक रूपले अगाडि बढेको देखिन्छ । साथै उनको प्रतिभा र क्षमताको विषयमा समेत यसले स्पष्ट पार्दछ (अभिलाषीका दाजु देवेन्द्रसिंह महतबाट प्राप्त जानकारी) ।

### २.७.२ विद्यालयीय शिक्षा

जितेन्द्र महत अभिलाषीको शैक्षिक जीवनको आरम्भ पाठशालाबाट भए पनि औपचारिक विद्यालयीय शिक्षाको प्रारम्भ २००८ सालमा कक्षा ३ मा भर्ना भई काठमाडौँको छेत्रपाटीमा रहेको जुद्धोदय पब्लिक हाई स्कुलबाट प्रारम्भ भएको हो । जितेन्द्र महत अभिलाषीको प्राथमिक र निम्न माध्यमिक शिक्षा यसै स्कुलबाट प्रारम्भ भए पनि माध्यमिक तहको शिक्षा भने विराटनगरको महेन्द्र रात्रि मा.वि.बाट पूरा भएको जानकारी पाइन्छ । उनको विद्यालयीय शिक्षाको स्तर भने राम्रो रहेको कुरा पारिवारिक स्रोतले उल्लेख गरेको छ (अभिलाषीका दाजु देवेन्द्रसिंह महतबाट प्राप्त जानकारी) ।

### २.७.३ शिक्षा

महेन्द्र रात्रि मा.वि. विराटनगरबाट एस.एल.सी. द्वितीय श्रेणीमा उत्तीर्ण भएपछि जागिरको सरूवासँगै काठमाडौँ आएका अभिलाषीको उच्च शिक्षा हालको ताहाचलको महेन्द्र रत्न क्याम्पसबाट आरम्भ भएको हो । त्यहाँ उनले शिक्षा सङ्कायमा भर्ना गरेका थिए । नेपाली साहित्यमा अत्यन्त रुचि राख्ने अभिलाषाले आई.एड. मा नेपाली विषयलाई नै ऐच्छिक विषय बनाएर अध्ययन गरेको पाइन्छ । यसरी जागिर र पढाइ सँगसँगै अगाडि बढाउँदै लगे पनि उनले आफ्नो उच्च शिक्षाको अध्ययन प्रवीणता प्रमाण पत्र तहसम्म मात्र देखिन्छ । माध्यमिक तहको पढाइसँगै नेपाली सेनामा प्रवेश गरेका अभिलाषीले त्यही बेला देखिनै आफ्नो कला अभिनयलाई सक्रिय रूपमा अगाडि बढाउन थालेका थिए । आर्मीको जागिर साहित्य, सिर्जना, अभिनय, रेडियोकर्मी आदि

कार्यमा सक्रिय भएपछि आफ्नो पढाइलाई अगाडि बढाउन नसकेको कुरा उनका सहकर्मी साथै नजिकका साथी मदनदास श्रेष्ठ बताउँछन् । जसको कारण उनले आइ.एड. भन्दा माथिल्लो तहको औपचारिक शिक्षालाई निरन्तरता दिन सकेनन् (स्रोत : मदनदास श्रेष्ठबाट प्राप्त जानकारी) ।

## २.७.४ स्वाध्ययन

जितेन्द्र महत अभिलाषीले त्रिभुवन विश्वविद्यालयअन्तर्गतको क्याम्पसबाट आई.ए.सम्मको औपचारिक अध्ययन पूरा गरेका थिए । यसका अतिरिक्त आफ्नो ज्ञानको क्षेत्रलाई फराकिलो पार्नका निमित्त उनले प्रशस्त स्वाध्ययन पनि गरेका छन् । उनले पूर्वीय तथा पाश्चात्य साहित्यको अध्ययन निरन्तर गर्ने गरेको कुरा उनको पारिवारिक स्रोतबाट थाहा पाइन्छ । त्यसका साथै रेडियो कार्यक्रम सम्बन्धमा बी.बी.सी.बाट तालिम लिएका अभिलाषीले रेडियो एकीकृत तालिम र नेपाल प्रज्ञा प्रतिष्ठानबाट नाटकसम्बन्धी तालिम समेत लिएका थिए । उनले विभिन्न पत्रपत्रिका पुस्तक आदिको अध्ययन निरन्तर गर्ने गरेको कुरा उनकी श्रीमतीबाट पनि थाहा पाइन्छ । यसरी उनले आफ्नो ज्ञानको क्षेत्रलाई फराकिलो बनाउन अनौपचारिक शिक्षामा जोड दिएको कुरा उल्लेख गरिएको छ । उनका प्रकाशित कृति र उनको कुशल अभिनय यसको प्रमाण हो (अभिलाषीकी श्रीमती मीठुकुमारी महतबाट प्राप्त जानकारी) ।

## २.८ दाम्पत्य जीवन

जितेन्द्र महत अभिलाषीको २२ वर्षको उमेर हुँदा अर्थात् २०२२ साल फागुनमा नुवाकोट निवासी बुबा कुलबहादुर खड्का र माता ढाकाकुमारी खड्काका जेठी सुपुत्री मिठु कुमारीसँग विवाह भएको थियो । उक्त कुरा शोधनायककी जीवनसँगिनी मिठुकुमारीबाट जानकारी पाइन्छ । सामान्य लेखपढसम्म पनि गर्न नसक्ने मिठुकुमारी व्यावहारिक रूपमा सरल, सहिष्णु र सहयोगी स्वभावकी छिन् । उनीमा विद्रोही तथा खासै महत्त्वाकाङ्क्षी स्वभाव नभएकाले उनीहरूको दाम्पत्य जीवन सुखमय र मेलमिलापको वातावरणमा बितेको कुरा परिवारबाट जानकारी पाइन्छ (अभिलाषीकी श्रीमती मीठुकुमारी महतबाट प्राप्त जानकारी) । सम्मान स्नेह र परस्पर सहयोगको

भावनामा आधारित दाम्पत्य जीवन नै अधिकतम सुखमय जीवन हो भन्ने समानुपातिक भावना जितेन्द्र महत अभिलाषीमा पनि रहेको कुरा उनका साथी मदनदास श्रेष्ठबाट थाहा पाइन्छ । यसबाट कलाकर्मी जितेन्द्र महत अभिलाषीको दाम्पत्य जीवन सामान्य रूपमा हेर्दा सरल र खुसी खालको नै रहेको कुरा स्पष्ट हुन्छ (अभिलाषीकी श्रीमती मीठुकुमारी महतबाट प्राप्त जानकारी) ।

## २.९ सन्तान

अभिलाषी दम्पत्तिका सन्तानका रूपमा दुई छोरी र एक छोरा रहेका छन् । छोरीहरू विवाहपश्चात् आफ्नै घरमा रहेका हुन् । जसमध्ये जेठी छोरी काठमाडौंमै बस्दै आएकी र कान्छी छोरी अमेरिकामा बस्दै आएका छन् । छोरा अरूण महत परराष्ट्र मन्त्रालयमा अधिकृत स्तरको निजामती प्रशासकका रूपमा रहेका छन् । अभिलाषीका सन्तानबाट उनको साहित्यिक यात्रामा कोही पनि उत्तराधिकारिका रूपमा नरहे तापनि उनीहरूको जीवनशैली आर्थिक स्थिति आदि कारणबाट हेर्दा सन्तोषजनक नै देखिन्छ (अभिलाषीका दाजु राजन महतबाट प्राप्त जानकारी) ।

## २.१० आर्थिक स्थिति र आजीविका

निम्न मध्यम वर्गीय जागिरे परिवारमा जन्मिएका जितेन्द्र महत अभिलाषीको परिवारमा आफ्नै पाखुराको बलमा पसिना बगाएर खर्च चलाउन सक्ने केही पुर्ख्यौली सम्पत्ति भए पनि उनी खेतीपातीतिर लागेको देखिँदैन । सानो छँदा गाउँघरमा खेतीपाती गर्ने तथा गाईवस्तु पाल्ने गरेको भए पनि हाल त्यसले निरन्तरता दिएको पाइँदैन । विद्यार्थी जीवनमा पनि उनका पिता नेपाली सेनामा आर्मी भएकाले खासै आर्थिक अभाव महसुस नभएको देखिन्छ । शोधनायकले आर्मीमा भर्ना भएपछि साथै विभिन्न पुस्तक प्रकाशन, अभिनय, रेडियो प्रस्तोता, निर्देशक आदि विधाबाट आएको पारिश्रमिक नै मुख्य आयस्रोतका रूपमा रहेको र त्यसले जीवन सहज चलेको देखिन्छ । त्यही आयस्रोतबाट नै दैनिक खर्च टरेको देखिन्छ । उनको पुर्ख्यौली सम्पत्तिका रूपमा नुवाकोटमा केही जग्गा जमिन भएको जानकारी पाइन्छ । आफ्नै पारिश्रमिकबाट उनले छोराछोरीलाई बोर्डिङ स्कुलमा पढाएर पनि काठमाडौंको मण्डिकाटारमा सात आनामा

फैलिएको सामान्य टिनको छाना भएको चार कोठे घर रहेको छ । हाल त्यो घर भत्काएर छोराले आधुनिक सुविधा सम्पन्न घर बनाएका छन् । यसरी हेर्दा उनको आर्थिक स्थिति राम्रो देखिए पनि जीवनको उत्तरार्द्धमा उनलाई घर गृहस्थी चलाउन निकै कसरत गर्नुपरेको थियो भन्ने कुरा उनकी धर्मपत्नी बताउँछिन् । यसबाट अभिलाषीको पारिवारिक जीवन सङ्घर्षमय रहेको कुरा स्पष्ट छ (अभिलाषीकी श्रीमती मिठकुमारी महतबाट प्राप्त जानकारी) ।

## २.११ रुचि र स्वभाव

मानिसका व्यक्तिगत इच्छा र चाहनालाई उसको रुचि र स्वभावअन्तर्गत समेट्न सकिन्छ । हरेक व्यक्तिका आआफ्नै रुचि र स्वभाव रहेका हुन्छन् । मानिसको चाहना वा रुचिअनुसार नै उसको व्यक्तित्व निर्माण भएको हुन्छ । बाल्यकालदेखि नै एकान्तप्रेमी र अन्तर्मुखी साथै हँसिलो स्वभाव भएका अभिलाषीको तेह्र वर्षको उमेरदेखि नै औपाचारिक रूपमै कलासाहित्यमा रुचि रहेको पाइन्छ । सादा जीवन उच्च विचार भएका अभिलाषीको सरल जीवनशैली देखिन्छ । दाल, भात, माछा, मासु आदि सन्तुलित आहारप्रति नै रुचि रहेको कुरा उनका परिवारका सदस्यहरू बताउँछन् । विश्व रङ्गमञ्चको अध्ययन गर्दै नेपाली कला साहित्यलाई त्यस स्तरको बनाउन रुचि राखेको कुरा उनका विभिन्न पाण्डुलिपिमा उल्लेख भएबाट थाहा पाइन्छ । उनी कुशल प्रस्तोता एवम् नाट्यकर्मी भएकाले उनको रुचि र स्वभाव साहित्य एवम् कलाप्रति रहेको थियो (अभिलाषीकी श्रीमती मीठुकुमारी महत) ।

सरल व्यवहार, मिलनसारिता, सहयोगी, इमानदारिता र मृदु भाषी अभिलाषी आफ्नो दुःखलाई लुकाएर सधैँ हाँस्ने र हँसाउने स्वभावका थिए । एक प्रसङ्गमा उनकी श्रीमती भन्छिन् - खाना पकाउन, दुना टपरी गाँस्न, बत्ती काट्ने जस्ता महिलामा हुने सामान्य गुण उनमा रहेको थियो । शिष्ट तथा शालीन स्वभावका अभिलाषी स्पष्ट र यथार्थ वक्ताका रूपमा चिनिन्छन् । सदाचार, सत्कर्म साथै हिन्दु धर्ममा विश्वास राख्ने अभिलाषीमा नराम्रा कुराप्रति असन्तुष्टि व्यक्त गर्ने, खरो स्वभाव देखिए पनि अहङ्कार र घमण्ड भने पाइँदैन । यसरी हेर्दा उनको समग्र जीवनको उद्देश्य साहित्य र अभिनय

मार्फत समाज परिवर्तन गर्नु रहेको देखिन्छ । यसबाट उनको रुचि र स्वभाव बुझ्न सकिन्छ (अभिलाषीका भाइ लोकेन्द्र महतबाट प्राप्त जानकारी) ।

## २.१२ कला साहित्यमा प्रेरणा र प्रभाव

कुनै पनि स्रष्टाले साहित्य सिर्जना, कला, अभिनय आदिमा प्रवेश गर्नुका पछाडि कुनै मुख्य व्यक्ति, घटना वा परिवेश आदिले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । जितेन्द्र महत अभिलाषीले पनि साहित्य सृजनाको प्रेरणा र प्रभाव आफू बाँचेको परिवेश, समय, परिस्थिति, राजनीतिक वातावरण, आम मानिसको सङ्घर्ष, दुःख र पीडाबाटै प्राप्त गरेको कुरा उल्लेख गरेका छन् । यसका साथै २०१८ सालमा श्री ५ महेन्द्रबाट प्रेरणा पाएको उल्लेख गर्दै मिना राई, श्यामदास वैष्णव, नीर शमशेर ज.ब.रा (तत्कालीन प्रधान सेनापति), श्री सुरेन्द्रबहादुर शाह (तत्कालीन प्रधान सेनापति) साथै विजय मल्ल अहिले उनलाई प्रेरणा दिने र प्रभाव परेको कुरा अभिलाषीले आफ्नो *श्री ५ रणबहादुर शाह* ऐतिहासिक नाटकको मेरो भनाइमा उल्लेख गरेका छन् । यसबाट अभिलाषीको जीवन भोगाइको अनुभव र सामाजिक व्यवहार नै उनको साहित्य लेखनको प्रेरणा स्रोत भएको कुरा स्पष्ट हुन्छ (अभिलाषीका साथी मदनदास श्रेष्ठबाट प्राप्त जानकारी) ।

## २.१३ लेखन कार्य

जब प्रकृतिको रमणीय दृश्यावली र समाजका विविध घटनाहरूले सर्जकका मनमा प्रभाव पार्न थाल्छ तब ती अनुभूतिलाई अभिव्यक्त गर्न लेखनी र कागजलाई प्रथम पटक मूर्त रूप दिएको लेख वा रचना नै लेखकको लेखन कार्यको प्रारम्भिक विन्दु हो । जितेन्द्र महत अभिलाषीको लेखनारम्भ १४ वर्षको उमेरदेखि नै भएको पाइन्छ । नाटक लेख्ने र मञ्चन गर्ने कार्य उनले प्रारम्भदेखि नै गरेको भए पनि प्रकाशित रूपमा २०२६ सालमा *श्री ५ रणबहादुर शाह* नामक ऐतिहासिक नाटक उनको प्रथम प्रकाशित एवम् प्रदर्शित नाटक हो । यसैबाट अभिलाषीको लेखनकार्य अगाडि बढेको देखिन्छ । उनले पुस्तकका रूपमा प्रकाशित नभए पनि ४६० रेडियो नाटक लेखनका साथै ६० ओटा रङ्गमञ्चीय नाटक विभिन्न पत्रपत्रिकामा प्रकाशित

छन् भने कुनै आजसम्म पनि पाण्डुलिपिमै रहेको पाइन्छ । अभिलाषीका अन्य प्रकाशित कृतिहरू *दाइजो, व्रतको दिन, जब नेता बित्छ* एकाङ्की नाटक र *श्री ५ बडामहाराजाधिराज र हाम्रो एकीकरण* चित्रात्मक ऐतिहासिक नाटक प्रकाशित छन् । यसरी हेर्दा प्रकाशनका हिसाबले उनका कम नाटकहरू देखिए पनि रेडियो प्रसारणका दृष्टिले भने प्रशस्त नाटकहरू लेखेका छन् (अभिलाषीका साथी मदनदास श्रेष्ठबाट प्राप्त जानकारी) ।

## २.१४ सम्पादन कार्य

साहित्यकार एवम् कलाकर्मी जितेन्द्र महत अभिलाषीले आफ्नो जीवनकालमा लेखन क्षेत्रमा मात्र नभएर सम्पादन कार्यमा पनि आफूलाई संलग्न गराएको पाइन्छ । नेपाली साहित्यको विविध विधामा कलम चलाउने अभिलाषीले विभिन्न आफ्नै र केही अन्य सहकर्मीका नाटकहरू सम्पादन पनि गरेका छन् । लिखित रूपमा उनले सम्पादन गरेको विभिन्न नाटकहरू नपाइए पनि उनलाई नजिकबाट चिन्ने मदनदास श्रेष्ठबाट जानकारी पाइन्छ । यसरी उनले आफूलाई लेखन कार्यसँगसँगै सम्पादन कार्यमा पनि संलग्न गराएको कुरा स्पष्ट हुन्छ (अभिलाषीका साथी मदनदास श्रेष्ठबाट प्राप्त जानकारी) ।

## २.१५ संस्थागत संलग्नता

साहित्यकार एवम् कलाकर्मी जितेन्द्र महत अभिलाषीका जीवनका विविध पाटाहरूमध्ये संस्थागत संलग्नता पनि एक हो । उनी विभिन्न समयमा विभिन्न सङ्घ संस्थाहरूमा आबद्ध रहँदै आएको पाइन्छ । बहुप्रतिभाका धनी अभिलाषीले आफ्नो जीवनकालमा संलग्न भई सामीजक सेवा गरेका संस्थाहरू निम्नानुसार रहेका छन् :

(क) २०१६ देखि २०२३ सालसम्म शाही नेपाली जङ्गी अड्डाका तर्फबाट रेडियो सञ्चालक

(ख) २०२७ सालमा सांस्कृतिक संस्थानका बोर्ड डाइरेक्टर

(ग) २०३० सालबाट चार वर्षसम्म नेपाली भूतपूर्व सैनिक सङ्गठनका केन्द्रीय सदस्य

(घ) कलाकार सङ्घका उपाध्यक्ष तथा सञ्चार प्रमुख

(ङ) राजदरबार जाँचबुझ केन्द्रका विशेष अधिकृत

(च) राष्ट्रिय सहकारी विकास बोर्डका सञ्चार अधिकृत

यी विभिन्न सङ्घसंस्थामा संलग्न हुँदै आएका अभिलाषी बहुआयामिक प्रतिभाका खुबी भएका व्यक्तिका रूपमा अमर छन् (स्रोत : नेपाल प्रज्ञा प्रतिष्ठानमा पेस गरेको फारम, २०५१) ।

## २.१६ सम्मान तथा पुरस्कार

साहित्यकार एवम् कलाकर्मी जितेन्द्र महत अभिलाषीले आफ्नो जीवनकालमा धेरै सम्मान तथा पुरस्कार प्राप्त गरेका छन् । अभिलाषीले आफ्नो जीवनयात्राका क्रममा रेडियो नाटकदेखि ठूलो पर्दाका रङ्गमञ्चीय नाटकदेखि विभिन्न साहित्येतर क्षेत्रमा समेत योगदान पुऱ्याएको पाइन्छ । उनले विविध क्षेत्रमा पुऱ्याएको योगदानको कदर तथा मूल्याङ्कन गर्दै विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूले सम्मान तथा पुरस्कार प्रदान गरेका  छन् । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- २०१८ सालमा तत्कालीन राजा महेन्द्रबाट रङ्गमञ्मै नगद १०००।- रूपैयाँको पुरस्कार
- २०३१ सालमा श्री ५ वीरेन्द्र वीर विक्रम शाहबाट नगद पुरस्कार
- २०३१ मा नेपाल भूषण पुरस्कार
- २०५५ मा सर्वनाम पुरस्कार

सम सतवार्षिकी पुरस्कार आदि (महतकी श्रीमती मीठुकुमारी महतबाट प्राप्त जानकारी) ।

## २.१७ साहित्यिक धारणा र जीवनदर्शन

साहित्यकार एवम् कलाकर्मी अभिलाषीको साहित्यप्रतिको धारणा र जीवन दर्शन ज्यादै फराकिलो रहेको छ । उनका विचारमा साहित्य जीवन हो र जीवन नै साहित्य हो । जीवन नभएको साहित्य हुँदैन । साहित्यकार एउटा स्रष्टा हो, ऊ आफ्ना सिर्जना र अभिनयद्वारा एउटा नयाँ समाजको आशा गर्दछ । यसका निमित्त उसले आफ्नो स्पष्ट जीवनदर्शन बनाएको हुन्छ । साहित्यकारले बनाएको यस्तै जीवनदर्शनबाट उसको यथार्थ मूल्य निर्धारण हुन्छ । जितेन्द्र महत अभिलाषी अभिनयमा समाजको यथार्थ पक्षको अभिव्यक्ति गर्न चाहन्छन् जसलाई समाजले कि देखेकै छैन कि भने निरन्तर उपेक्षा गरिरहेको छ । यसरी समाजका कुपरम्परा विकृति विसङ्गति र यसभित्र रहेको आम मानिसहरूप्रतिको शोषण र उपेक्षाका भावनाहरूलाई उनी आफ्नो साहित्यमा स्पष्ट पार्न चाहन्छन् साथै आधुनिक र सभ्य समाजका सचेत नागरिक भन्नेहरूप्रति इतिहास र धर्म संस्कृतिको प्रभावमा परेकामा व्यङ्ग्य भाव प्रस्तुत गर्नु उनको अर्को विशेषता हो । इतिहासले हामीलाई केही न केही सिकाउँछ भन्दै इतिहास सधैँ सम्झेर रहने उनको धारणा देखिन्छ । साहित्यिक रूपमा उनका आदर्शका पात्रहरू सीमान्तकृत मानिसहरू हुन् । जसलाई राजनीति, सरकार, न्यायालय सबैले उपेक्षा गरिरहेको हुन्छ । साहित्यमा विचार र कलाको सन्तुलन हुनुपर्दछ । यो अर्थहीन, कुण्ठा, निराशा र शब्दको थुप्रो भाव नभई कुनै न कुनै अर्थमा सार्थक र सम्प्रेषणीय हुनुपर्दछ । यसमा आम मानिसहरूको टिठलाग्दो अनुहार पनि झल्किनुपर्छ । त्यसैले साहित्यकारहरू समाजप्रति उत्तरदायी हुनुपर्दछ भन्ने उनको धारणा रहेको पाइन्छ । अभिलाषीले साहित्य र कलालाई आफ्नो जीवन दर्शन एवम् व्यावहारिक अनुभवको प्रतिफल मानेका छन् ।

जीवनमा दु:ख र पीडालाई तनावभन्दा ऊर्जाका रूपमा लिनुपर्ने मान्यता राख्ने अभिलाषीमा नैतिकता र इमान्दारिताको समन्वय पाइन्छ । उनी मानव जीवनमा नैतिकता, इमानदारिता र कर्मठताप्रति आस्थावान देखिन्छन् । समाजमा साहित्यकारले लेखकीय दायित्वअन्तर्गत सिर्जनात्मक र कलात्मक शैलीमा स्वस्थ र जीवन्त रूपमा आफ्ना भावनाहरू अभिव्यक्त गर्नुपर्दछ । सामाजिक दायित्वअन्तर्गत प्रत्येक लेखकले

आफू बाँचेको समाज र परिवेशप्रति इमान्दार भएर बहुजनका हितमा आफ्नो अभिव्यक्ति पोख्नु पर्दछ । रङ्गमञ्चमा आफू रोएर पनि अरूलाई हँसाउनुपर्छ भन्ने उनको जीवनदर्शन रहेको पाइन्छ । यसबाट अभिलाषी साहित्य र जीवनदर्शनप्रति सचेत कलाकर्मी हुन् भन्ने कुरा स्पष्ट हुन्छ ।

## २.१८ जीवनका अविस्मरणीय घटनाक्रम

साहित्यकार एवम् कलाकर्मी जितेन्द्र महत अभिलाषीको जीवनमा धेरै अविस्मरणीय घटनाहरू घटेका छन् । मानव जिन्दगीलाई सुख र दुःखको सङ्गम भनिन्छ । जीवनमा सुख र दुःखका घटनाहरू घुमिरहनु स्वाभाविकै हो । जितेन्द्र महत अभिलाषीको जीवनमा पनि केही यस्ता घटनाहरू रहेका छन् जसलाई उनले विशेष रूपमा सम्झेको पाइन्छ । विराटनगरमा एकजना केटीको प्रेममा बाँधिन पुगेका अभिलाषीलाई परिवारले केटीलाई अजातको भन्दै अस्वीकार गरेकोमा उनी दुःखी थिए । रक्सी पिउन थालेपछि आधा रात भएको पनि थाहा नपाउने अभिलाषी रातभरि उनका साथी मदनदास श्रेष्ठसँग पत्रिका ओछ्याएर पाटीमा रात काटेको अविस्मरणीय घटनाका रूपमा लिन्छन् । यस्ता खाले धेरै अविस्मरणीय घटनाहरू उनको जीवनकालमा घटेको पाइन्छ ।

उनले घरमा रक्सी पिउन नदिँदा ट्वाइलेटमा लुकाएर खाने गरेका थिए । यो कुरा पनि शोधनायकको जीवनमा अविस्मरणीय घटनाको रूपमा रहेको जानकारी पाइन्छ । यसरी उनको जीवनका अविस्मरणीय घटनाको सम्झना गर्न सकिन्छ ।

## २.१९ निष्कर्ष

जितेन्द्र महत अभिलाषी एउटा सफल साहित्यकार एवम् कुशल कलाकर्मी पनि हुन् । उनको जन्म वि.सं. २००० साल भदौ २५ गते नुवाकोटको कविलासमा भएको थियो । आफ्ना मातापिताका ६ सन्तानमध्ये माइलो सन्तानका रूपमा यिनको जन्म भएको हो । अभिलाषीको बाल्यकाल जन्म स्थानमा नै बितेको जानकारी पाइन्छ । काश्यप गोत्रीय क्षेत्री परिवारमा जन्मेका उनका पिता पूर्णबहादुर महत जागिरकै

सिलसिलामा काठमाडौँ आएपछि अभिलाषी पनि काठमाडौँको जुद्धोदय पब्लिक हाइस्कुलमा पढेका थिए । पछि उनी पितासँगै विराटनगरमा गएका थिए । विराटनगरमा बस्दा बुबासँगै आर्मीको जागिरमा प्रवेश गरेका उनी विराटनगरमा रहेको भानु मोरङ सांस्कृतिक समितिमार्फत आफ्नो नाट्याभिनय यात्रा प्रारम्भ गरेको पाइन्छ । प्रारम्भमा नाट्य अभिनयका क्षेत्रमा देखा परे पनि पछिल्लो समय उनी एउटा कुशल प्रस्तोता अर्थात् सञ्चारकर्मी एवम् कलाकर्मीका रूपमा परिचित भए । उनी नाटक र एकाङ्की लेखन तथा निर्देशनका क्षेत्रमा आफ्नो विशिष्ट पहिचान प्राप्त गर्न सफल भएका छन् । जसको प्रमाण उनको जीवनकालमा प्रस्तुत नाटक लेखन तथा अभिनय कलालाई मान्न सकिन्छ ।

बाल्यकालदेखि नै अध्ययनप्रति गहिरो अभिरुचि भएका महतले विद्यालयीय अध्ययनका क्रममा समेत आफ्नो विशिष्ट कला र क्षमताको परिचय दिएका थिए । उनी पारिवारिक बन्धनमा बाधिएपछि पनि उनको सामीप्यता भने पारिवारिक जीवनभन्दा बढी कला र साहित्य साधनाका क्षेत्रमा नै समर्पित रहेको पाइन्छ । उनी सफल रेडियो प्रस्तोता पनि हुन् । जीवनमा कसैको प्रेममा फसेपछि र उक्त प्रेमलाई परिवारले अस्वीकार गरेपछि भने उनको जीवनमा एउटा नमिठो परिच्छेद थपिएको पाइन्छ । जसले उनलाई साहित्य लेखनको प्रेरणा प्रदान गरेको कुरा सहजै अनुमान गर्न सकिन्छ । यसबाहेक पनि आफ्नो जीवनकालमा धेरै प्रकारका अविस्मरणीय घटनाहरूले साहित्य साधना र कलाको क्षेत्रमा प्रभाव पारेको पाइन्छ ।

यसरी विभिन्न आरोह-अवरोहका बीच रहेर पनि आफूलाई नेपाली कला, साहित्य र सञ्चारको क्षेत्रमा स्थापित गराउन सक्नु जितेन्द्र महत अभिलाषीको जीवनको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो भन्न सकिन्छ । उनको समग्र जीवनीको अध्ययनले पनि यही कुराको पुष्टि गर्दछ ।

# तेस्रो परिच्छेद

# जितेन्द्र महत अभिलाषीको व्यक्तित्व

## ३.१ विषय परिचय

साहित्यकार एवम् कलाकर्मी जितेन्द्र महत अभिलाषीको व्यक्तित्वका विविध आयाम, पाटा र चरणहरू छन् । बहुमुखी प्रतिभाका धनी व्यक्तित्व जितेन्द्र महत अभिलाषी नेपाली कला, साहित्य र सञ्चारका क्षेत्रमा प्रसिद्ध व्यक्ति हुन् । उनले सुमधुर आवाज, कुशल अभिनय, सफल लेखन र उत्कृष्ट निर्देशनका माध्यमबाट आफूलाई नेपाली कला र साहित्यको क्षेत्रमा विशिष्ट व्यक्तिका रूपमा स्थापित गराएका छन् । अतः उनै कला, साहित्य र सञ्चार क्षेत्रका त्रिवेणी व्यक्तित्व जितेन्द्र महत अभिलाषीको व्यक्तित्वका विविध पाटा र आयामहरूका विषयमा यस परिच्छेदमा चर्चा गरिएको छ । उनको समग्र व्यक्तित्वलाई आन्तरिक र बाह्य गरी दुई भागमा विभाजन गर्न सकिन्छ । उनको व्यक्तित्वभित्रका समग्र पक्षलाई यस अध्यायमा सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ ।

## ३.२ आन्तरिक व्यक्तित्व

व्यक्तित्वभित्रका प्रमुख दुई पक्षहरूमध्ये आन्तरिक व्यक्तित्व पनि एक हो । आन्तरिक व्यक्तित्व भन्नाले बाह्य रूपमा प्रकट नहुने खालका व्यक्तिका खासखास गुण र विशेषताहरू पर्दछन् । जसअनुसार अभिलाषी कम बोल्ने, मिलनसार, जिज्ञासु र चिन्तनशील स्वभावका थिए । यस अर्थमा उनलाई अन्तर्मुखी स्वभावका व्यक्ति भनेर पनि चिन्न सकिन्छ । उनको सामाजिक आचरण र व्यवहारबाट उक्त कुरा स्पष्ट हुन्छ ।

## ३.३ बाह्य व्यक्तित्व

व्यक्तित्वभित्रका प्रमुख दुई क्षेत्रहरू मध्ये बाह्य व्यक्तित्व पनि एक हो । कुनै पनि व्यक्तिलाई बाहिरबाट हेर्दा झट्ट देखिने रूपाकृतिलाई नै उसको बाह्य व्यक्तित्व

भनिन्छ । जस अन्तर्गत व्यक्तिको सामाजिक, राजनीतिक, साहित्यिक, आर्थिक, धार्मिक, सांस्कृतिक, नैतिक एवम् शारीरिक रूपमा गुण र विशेषताहरू पर्दछन् । यस आधारमा भन्नुपर्दा साहित्यकार एवम् कलाकर्मी जितेन्द्र महत अभिलाषीका बाह्य व्यक्तित्व दर्साउने खालका धेरै गुण, आचरण व्यवहारहरू प्रकट भएका पाइन्छन् ।

## ३.४ शारीरिक व्यक्तित्व

कुनै पनि व्यक्तिलाई झट्ट रूपमा चिनाउने पहिलो आधार भनेको शारीरिक व्यक्तित्व हो । पाँच फिट चार इन्च उचाइ तथा ६५ के.जी. तौल भएका जितेन्द्र महत अभिलाषी झट्ट हेर्दा मझौला कद र गहुँगोरो वर्णका थिए । उनको मुहारको आकृति बाटुलो खालको थियो । हँसिलो चेहरा र गम्भीर मुखाकृति एवम् छरितो जिउडाल अभिलाषीको शारीरिक व्यक्तित्व झल्काउने प्रमुख आधार हो ।

## ३.५ स्वभावगत विशेषता

हरेक मानिसको फरकफरक खालको स्वभावगत विशेषता हुन्छ । यस आधारमा हेर्दा साहित्यकार एवम् कलाकर्मी जितेन्द्र महत अभिलाषी कम बोल्ने तथा धेरै गहन, अध्ययन एवम् कला, साहित्य र सञ्चारका साधनामा तल्लीन व्यक्ति भएकाले अन्तर्मुखी स्वभावका थिए । साथै मिलनसरिता एवम् जिज्ञासु प्रवृत्ति पनि उनको स्वभावगत विशेषताअन्तर्गत पर्दछ । उनी अभिनयात्मक क्षेत्रमा रमाउने र नाट्य लेखन तथा निर्देशनको क्षेत्रमा समर्पित व्यक्ति थिए । उनी आफ्नो जीवनलाई नाटकीय शैलीमा बिताउन चाहन्थे र अभिनयात्मक कलामा रमाउँथे । यही नै उनको स्वभावगत विशेषता हो ।

## ३.६ साहित्यिक व्यक्तित्व

व्यक्तित्व निर्धारणका विविध आयाम र क्षेत्रहरूअन्तर्गत साहित्य सिर्जना पनि पर्दछ । साहित्यकार एवम् कलाकर्मी व्यक्तित्व जितेन्द्र महत अभिलाषीको व्यक्तित्वका विविध आयामहरूमध्ये साहित्यिक व्यक्तित्व पनि एक हो । जसअन्तर्गत विभिन्न

उपशीर्षकहरू पर्दछन् । उनको साहित्यिक व्यक्तित्वअन्तर्गतका विषयवस्तुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ३.६.१ कवि व्यक्तित्व

कविता नेपाली साहित्यको सर्वप्राचीन र महत्त्वपूर्ण विधा हो । साहित्यकार एवम् कलाकर्मी जितेन्द्र महत अभिलाषीका साहित्यिक व्यक्तित्वभित्रका विविध आयामहरूमध्ये कवि व्यक्तित्व पनि एक हो । उनका हालसम्म कुनै प्रकारका काव्य कृतिहरू प्रकाशित नभए पनि बाल्यकालदेखि नै विभिन्न प्रकारका कविताहरू लेख्ने र प्रतियोगितामा सहभागी हुने गरेको कुरा उनको पारिवारिक स्रोतबाट जानकारी प्राप्त भएको छ ।

### ३.६.२ कथाकार व्यक्तित्व

कथा आख्यान साहित्यअन्तर्गत पर्ने प्रमुख विधा हो । कवि जस्तै अभिलाषीको अर्को दोस्रो महत्त्वपूर्ण साहित्यिक व्यक्तित्व भनेको कथाकार व्यक्तित्व हो । आफ्नो जीवनको कालखण्डमा कुनै प्रकारको कथाकृति प्रकाशन नगरे पनि उनले विभिन्न प्रकारका छोटा र रोचक कथाहरू लेख्ने गरेको कुरा उनको पारिवारिक स्रोतबाट जानकारी प्राप्त भएको छ ।

### ३.६.३ उपन्यासकार व्यक्तित्व

उपन्यास आख्यान साहित्यभित्रको एउटा महत्त्वपूर्ण विधा हो । साहित्यकार व्यक्तित्वका आयामभित्र पर्ने एउटा महत्त्वपूर्ण क्षेत्र उपन्यास पनि हो । आख्यानप्रति रुचि भए पनि अभिलाषीले उपन्यास लेखनको क्षेत्रमा भने कलम चलाएको देखिँदैन । उनले ससाना सामाजिक घटनाक्रमहरूलाई मुख्य विषय बनाएर नाटक लेखनमा मात्र आफूलाई सीमित राखेको पाइन्छ ।

### ३.६.४ नाटककार व्यक्तित्व

नाटक साहित्यको अभिनयात्मक अर्थात् रङ्गमञ्चीय विधा हो । साहित्यकार जितेन्द्र महत अभिलाषीका व्यक्तित्वका विविध आयामहरूमध्ये नाटककार व्यक्तित्व पनि एक हो । यस अन्तर्गत निम्नलिखित बुँदाका आधारमा उनको नाट्यकारिता सम्बन्धी गुण र धर्मको विवेचना गरिएको छ ।

#### (क) बालनाटककार

साहित्यकार एवम् कलाकर्मी जितेन्द्र महत अभिलाषीका व्यक्तित्वका विविध क्षेत्रहरूमध्ये बालनाटक पनि पर्दछ । महतका कतिपय नाटक बालकेन्द्रित रहेका छन् । उनले बालस्वभावलाई मध्यनजर गर्दै तदनुरूपका नाटकहरू रचना गरेका छन् । यस्ता नाटकमा उनको २०४५ साल भदौ महिनाको *तुमुल* पत्रिकामा प्रकाशित ग्रह शीर्षकको एकाङ्की पनि एक हो । यसको मूल विषयवस्तु सिद्धार्थ गौतमको गृहत्यागसँग सम्बन्धित छ । तर विषयवस्तुको प्रस्तुतीकरण बालस्वभावलाई ध्यानमा राखेर गरेका छन् । यो उनको अर्को प्रमुख नाट्य प्रवृत्ति बन्न गएको छ ।

#### (ख) प्रयोगवादी नाटककार

नाटक लेखनका विविध शैलीहरूमध्ये प्रयोगवादी शैली पनि एक हो । यस आधारमा हेर्दा साहित्यकार एवम् कलाकर्मी जितेन्द्र महत अभिलाषीको प्रयोग पक्षलाई उजागर गर्ने नाटक *श्री ५ बडा महाराजधिराज पृथ्वी* र *हाम्रो एकीकरण* हो । यो प्रदर्शनका लागि तयार पारिएको नाटक हो । यसलाई जब पुस्तकाकार रूपमा प्रकाशन गर्न तयार पारियो त्यतिखेर चित्रसहित प्रकाशन गरियो । भावानुकूलको चित्र संयोजनले नाटक आस्वादनीय एवम् प्रभावकारी बनेको पाइन्छ । ऐतिहासिक विषयवस्तु झल्काउने चित्र संयोजन भएकाले यसलाई चित्र नाटक समेत भन्न सकिन्छ । यो उनको नाट्यलेखन शैलीको प्रमुख विशेषता हो । त्यसैले उनलाई प्रयोगवादी नाटककार पनि भन्न सकिन्छ ।

प्रस्तुत नाटकले उनलाई नवीन प्रयोगकर्ताका रूपमा स्थापना गऱ्यो । तसर्थ उनलाई प्रयोगवादी नाटककारभन्दा अन्यथा हुँदैन । यो पनि उनको नाट्य प्रवृत्ति नै हो जसले उनको व्यक्तित्वलाई समेत स्पष्ट रूपमा झल्काएको छ ।

### (ग) राजनीतिक अवस्थाको चित्रण गर्ने नाटककार

समाजमा प्रचलित विभिन्न नीतिहरूमध्ये राजनीति पनि एक हो । यस आधारमा हेर्दा नाटककार अभिलाषीले आफ्ना नाटकमा राजनीतिक अवस्थाको समेत चित्र खिचेका छन् । उनका नाटकले नेपालको त्रिपक्षीय सत्ता राजनीतिलाई अभिव्यक्त गरेका छन् । नेपालमा राणाशासन सुरुवात हुनुभन्दा पहिलेदेखि नै नेपालमा सत्ता सङ्घर्षको सुरुवात भएको तथ्य यस नाटकले अभिव्यक्त गरेको छ । महतका नाटकले राज खान्दानसँग सम्बन्धित विभिन्न घटनाहरूलाई देखाइएकाले राजनीतिक अवस्थाको चित्रण पनि उनको प्रमुख नाट्य प्रवृत्ति बन्न पुगेको छ ।

### (घ) विज्ञान प्रविधि प्रयोगधर्मी नाटककार

जितेन्द्र महत अभिलाषीको नाटकमा विज्ञान प्रविधिको पनि प्रयोग भएको पाइन्छ । २०४९ वैशाख महिनाको *गरिमा* पत्रिकामा बेला बितेपछि एकाङ्की प्रकाशित भएको देखिन्छ । यस एकाङ्कीले इन्जिनियरिङ, विज्ञान आदिको प्रयोग सफलतापूर्वक गरेको भेटिन्छ । त्यस आधारमा उनी विज्ञान प्रविधि प्रयोगधर्मी नाटककार भन्ने कुरा स्पष्ट हुन्छ ।

त्यसै गरी यिनकै अर्को नाटक *दाइजो* र *बेला बितेपछि* को पनि विषय विज्ञान प्रविधि केन्द्रित रहेको देखिन्छ । विभिन्न किसिमका आविष्कारहरूसँग सम्बन्धित विषयलाई उनले सफलतापूर्वक देखाएकाले यो उनको नाट्य प्रवृत्ति बन्न पुगेको हो ।

## ३.६.५ निबन्धकार व्यक्तित्व

साहित्यका विभिन्न विधाहरूमध्ये निबन्ध पनि एक हो । यो साहित्यको सबैभन्दा कान्छो विधा हो । जितेन्द्र महत अभिलाषीको साहित्यिक व्यक्तित्वअन्तर्गत निबन्धकार

व्यक्तित्व पनि पर्दछ । यस आधारमा महतले आफ्नो जीवनकालमा फुटकर निबन्धको रचना गरे पनि कृति प्रकाशन भने गरेको पाइँदैन । अतः उको व्यक्तित्व निर्धारणका विभिन्न साहित्यिक आयामहरूमध्ये निबन्धकार व्यक्तित्व पनि पर्दछ ।

### ३.६.६ गजलकार व्यक्तित्व

गजल काव्य साहित्यको सबैभन्दा लघुतम रूप हो । गजलकार व्यक्तित्व पनि साहित्यिक आयामभित्रको एउटा महत्त्वपूर्ण पक्ष हो । यस आधारमा भन्नुपर्दा अभिलाषीले फाट्टफुट्ट गजल लेखन तथा वाचन गरे पनि गजलको सङ्ग्रह अर्थात् कृति प्रकाशन गर्न भने असमर्थ नै रहेको देखिन्छ ।

## ३.७ लेखन व्यक्तित्व

लेखन कार्यलाईम पनि व्यक्तित्व निर्धारणको महत्त्वपूर्ण आधार मानिन्छ । यस आधारमा हेर्दा जितेन्द्र महत अभिलाषीका व्यक्तित्वका विविध आयाम र क्षेत्रहरूमध्ये भूमिका लेखन व्यक्तित्व पनि एक हो किनकि उनले आफ्नो जीवनकालमा धेरै प्रकारका लेख रचनाहरू लेखेर विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशन गरेको पाइन्छ जसमध्ये अनुसन्धानात्मक लेख रचनाभन्दा उनका भूमिका लेखन बढी छन् ।

## ३.८ समालोचक व्यक्तित्व

व्यक्तित्व निर्धारणका विविध आयाम र क्षेत्रहरूमध्ये समालोचनात्मक विधा पनि एक प्रमुख क्षेत्र हो । साहित्यकार जितेन्द्र महत अभिलाषीको खास क्षेत्र नाटक भएकाले उनले विभिन्न नाटकका विषयमा समालोचना पनि गरेका छन् । अतः समालोचक व्यक्तित्व पनि उनको व्यक्तित्व भित्रको महत्त्वपूर्ण आयाम हो भन्न  सकिन्छ किनकि उनले नेपाली नाट्य समालोचनामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

## ३.९ पत्रकार व्यक्तित्व

पत्रकारिता पनि व्यक्तित्व निर्धारणको अर्को महत्त्वपूर्ण आधार हो । जितेन्द्र महत अभिलाषी पेसाका हिसाबले सञ्चारकर्मी एवम् रेडियो प्रस्तोता थिए । उनले रेडियो पत्रकारितासम्बन्धी धेरै ज्ञान र अनुभव समेटेका कारण अभिलाषीलाई पत्रकार पनि भनिन्छ । उनी खास गरी छापा पत्रकार नभएर रेडियो पत्रकार हुन् भन्ने कुरा प्रस्ट हुन्छ ।

## ३.१० निर्देशक व्यक्तित्व

व्यक्तित्व निर्धारणको एउटा महत्त्वपूर्ण आधार अन्तर्गत निर्देशनात्मक क्षेत्र पनि पर्दछ । यस आधारमा हेर्दा साहित्यकार जितेन्द्र महत अभिलाषीले धेरै प्रकारका समसामयिक एवम् यथार्थमूलक नाटकहरू लेखेर त्यसको सफल निर्देशन पनि गरेका हुनाले उनलाई निर्देशक व्यक्तित्वका रूपमा चिन्न सकिन्छ किनकि उनले आफ्नो जीवनकालमा धेरै प्रकारका रेडियो नाटकहरूमा र केही ठूला पर्दाका नाटक एवम् चलचित्रमा समेत निर्देशन गरेका छन् ।

## ३.११ कलाकार व्यक्तित्व

साहित्यकार एवम् कलाकर्मी जितेन्द्र महत अभिलाषी एउटा सफल कलाकार पनि थिए । कलाकर्मीका रूपमा परिचित अभिलाषी नाटक लेखक, निर्देशक मात्र नभएर कुशल अभिनय कर्ता पनि हुन् । त्यसैले उनलाई कलाकार व्यक्तित्व भनिन्छ । उनी खास गरी अभिनयकला र वाचनकलामा संलग्न थिए ।

## ३.१२ राजनीतिक व्यक्तित्व

विद्यार्थी अवस्थादेखि नै राजनीतिप्रति विशेष चासो र अभिरुचि देखाएका महत राजनीतिक व्यक्ति पनि थिए । साहित्यकार एवम् कलाकर्मी जितेन्द्र महत अभिलाषी प्रत्यक्ष रूपमा राजनीतिमा संलग्न नभए पनि राजनीतिप्रति उनको गहिरो चिन्तन र चासो रहेको पाइन्छ जसले गर्दा उनलाई राजनीतिक व्यक्तित्वका रूपमा समेत लिन सकिन्छ ।

## ३.१३ सामाजिक व्यक्तित्व

व्यक्तिगत स्वार्थलार्य पर पन्छाएर समाजको हकहित र कल्याणका कार्यमा समर्पित व्यक्तिलाई समाजसेवी भनिन्छ । जितेन्द्र महत अभिलाषी कार्यक्रम प्रस्तोता, नाटक निर्देशक, लेखक र अभिनेता मात्र होइनन् । उनी त समाजसेवी र विकासप्रेमी व्यक्ति पनि हुन् । त्यसैले उनका व्यक्तित्वका विविध पाटा र आयामहरूअन्तर्गत सामाजिक व्यक्तित्वलाई पनि लिन सकिन्छ किनकि उनी साहित्य सिर्जना सँगसँगै सामाजिक सेवाको क्षेत्रमा पनि उत्तिकै सक्रिय थिए ।

## ३.१४ चिन्तनशील व्यक्तित्व

सामाजिक एवम् राष्ट्रिय समस्याको समाधान गर्ने कार्यमा महत सदा चिन्तनशील थिए । जितेन्द्र महत अभिलाषीको व्यक्तित्व भित्रका विविध गुण र विशेषताहरूमध्ये चिन्तनशील व्यक्तित्व पनि एक हो किनकि उनले सदा सामाजिक चिन्तन र सोचका साथ आफ्नो जीवनलाई अगाडि बढाएको पाइन्छ । उनलाई व्यक्तिगत जीवन र पारिवारिक जीवन भन्दा बढी समाज र राष्ट्रका समस्यासँग जुध्न मन लाग्दथ्यो ।

## ३.१५ निष्कर्ष

प्रस्तुत शोध जितेन्द्र महत अभिलाषीको जीवनी, व्यक्तित्व र कृतित्वमा आधारित छ । साहित्यकार एवम् प्रसिद्ध कलाकर्मी अभिलाषी बहुमुखी प्रतिभा सम्पन्न व्यक्ति हुन् । उनले आफ्नो जीवनकालमा धेरै क्षेत्रमा काम गरेर आफ्नो नाम राख्न सफल भएका छन् । हरेक व्यक्तिको छुट्टाछुट्टै खालको व्यक्तिगत स्वभाव, गुण र विशेषताहरू हुन्छन् । उक्त गुण र विशेषता नै अन्य व्यक्तिले उसलाई चिन्ने बलिया आधारहरू हुन् । यस दृष्टिले हेर्दा अभिलाषीको व्यक्तित्वलाई पनि विभिन्न आधारमा मूल्याङ्कन गर्न सकिन्छ । उनले एक सफल नाटककार एवम् कलाकर्मीका रूपमा विशेष ख्याति कमाएका छन् ।

समग्रमा भन्नुपर्दा जितेन्द्र महतको व्यक्तित्वअन्तर्गत आन्तरिक र बाह्य तथा साहित्यिक र साहित्येतर गरी विभिन्न वर्गमा वर्गीकरण गरी विश्लेषण गर्न सकिन्छ । यस आधारमा भन्नुपर्दा महत कवि, कथाकार, निबन्धकार, नाटककार, निर्देशक, अभिनयकर्ता, पत्रकार, प्रस्तोता, समाजसेवी, राजनीतिककर्मी, एवम् चिन्तनशील व्यक्तित्वका रूपमा सार्वजनिक रूपमा परिचित छन् । यही नै उनको व्यक्तित्व निर्धारणको महत्त्वपूर्ण पक्ष पनि हो । यस आधारमा साहित्यकार एवम् कलाकर्मी अभिलाषीको व्यक्तित्वभित्रका विविध आयाम र पाटाहरू रहेका छन् भन्ने कुरा स्पष्ट हुन्छ ।

# परिच्छेद चार

# जितेन्द्र महत अभिलाषीका कृतिहरूको विश्लेषण

## ४.१ विषयपरिचय

साहित्यकार एवम् कलाकर्मी जितेन्द्र महत अभिलाषीले आफ्नो जीवनकालमा धेरै नाटकहरू लेखन तथा प्रकाशन गरेका छन् । यस परिच्छेदमा अभिलाषीको प्रकाशित कृतिहरूको अध्ययन गरिएको छ । महतको एउटा पूर्णाङ्की नाटक *श्री ५ रणबहादुर* प्रकाशित छ । त्यसैगरी अन्य उनका विभिन्न पत्रपत्रिकामा फुटकर एकाङ्कीहरू विभिन्न पत्रिकामा प्रकाशित उनका एकाङ्कीहरू यसप्रकार छन् । उनका नाटक तथा फुटकर एकाङ्कीहरूमा देशप्रेम र सामाजिक पक्षको विषयमा चित्रण गरिएको पाइन्छ । सामाजिक विषय राष्ट्रिय परिवेशका विषयमा उनका नाटकले आवाज उठाएका छन् ।

वि.स.२०३९ सालको सिपाही पत्रिकामा उनको *उहिले* र *अहिलेका कुरा* गरी दुईओटा बाल नाटक प्रकाशित छन् । *श्री ५ बडामहाराजधिराज पृथ्वी* र *हाम्रो एकीकरण* (*भाद्र* २०४५) र (२०४५ पुष) रहेका छन् । यी दुवै बाल चित्रनाटक धारावाहिक रूपमा रहेका छन् । यी दुईओटै नाटक बालबालिकाहरूलाई नेपालको इतिहास निर्माणमा शाह वंशीय राजाहरूको योगदान वर्णन गर्नु हो । त्यसैगरी २०४९ वैशाख महिनाको *गरिमा* पत्रिकामा महतको *बेला बितेपछि* एकाङ्की प्रकाशित भएको छ । यस एकाङ्कीको विषयवस्तु विज्ञान प्रविधि आश्रित  छ । उनको पूर्णाङ्की नाटक भनेको *श्री ५ रणबहादुर* हो । यस नाटकले नेपालको इतिहासको त्रिपक्षीय सत्ता सङ्घर्षलाई आफ्नो विषयवस्तु बनाएको देखिन्छ । दरबारमा रहेका भाइभारदारहरूको आपसी खिचातानी र मनमुटावलाई उनका नाटकमा समेटिएको छ ।

## ४.२ जितेन्द्र महत अभिलाषीका प्रकाशित कृतिहरूको परिचय

साहित्यकार एवम् कलाकर्मी जितेन्द्र महत अभिलाषीले धेरै प्रकारका विधामा कलम चलाएका छन् । साहित्यकार अभिलाषी मूलतः नाटककार हुन् । उनी पाठ्य

नाटकभन्दा मञ्चीय नाटक लेखनमा सिपालु छन् । उनका प्रकाति सबै पूर्णाङ्की र एकाङ्की नाटकहरूको मञ्चन भएको पाइन्छ । तर यी सबै कुराहरू जीवनीका पाटामा उल्लेख गर्न सकिएन । यसको प्रमुख कारण प्रामाणिक हुन नसक्नु हो । उनका प्रकाशित पूर्णाङ्की र एकाङ्कीहरूले वर्तमान समय र परिस्थितिका यथार्थ घटना, जनचेतनामूलक सन्देश, सामाजिक विकृति एवम् विसङ्गतिप्रति व्यङ्ग्य, राष्ट्रप्रेमको भावना जस्ता विविध खालका एकाङ्कीहरूमा बालमनोविज्ञानको पक्षलाई जोड दिइएको छ । बालबालिकाहरूलाई आफ्नो देशको इतिहास र त्यसको महत्त्वका विषयमा जानकारी गराउनु उनका बाल एकाङ्कीहरूको प्रमुख उद्देश्य रहेको पाइन्छ । उनको पूर्णाङ्की अर्थात् एकमात्र प्रकाशित नाटक *श्री ५ रणबहादुर* मा भने रणबहादुर शाहले राष्ट्रनिर्माणको विषयमा पुऱ्याएको योगदानको विषयमा चर्चा परिचर्चा गरिएको छ । अतः यहाँ उनका प्रकाशित फुटकर नाट्य रचनाहरूको विषयमा अलग अलग रूपमा विश्लेषण गरिएको छ । नाटक विश्लेषणको मुख्य आधार भने नाटकको विधातात्त्विक अध्ययन अन्तर्गत गरिएको छ ।

## ४.२.१ जितेन्द्र महत अभिलाषीको फुटकर कृतिहरूको अध्ययन विश्लेषण

जितेन्द्र महत अभिलाषीले पूर्णाङ्की र एकाङ्कीका अतिरिक्त रचना गरेका अन्य फुटकर रचनाहरूको परिचय यहाँ प्रस्तुत गरिएको छ ।

### (क) चित्र नाटकहरूको अध्ययन

नाटककार जितेन्द्र महत अभिलाषीका नाट्य लेखनका विविध क्षेत्रहरूमध्ये चित्रनाटक पनि एक हो । २०५४ सालमा अभिलाषीको *श्री ५ बडामहाराजाधिराज पृथ्वी र हाम्रो एकीकरण* नामक चित्रनाटक प्रकाशित भएका छन् । यसको विषयवस्तु ऐतिहासिक रहेको देखिन्छ । नेपालको एकीकरणमा महत्त्वपूर्ण भूमिका खेल्ने तत्कालीन राष्ट्रनायक पृथ्वीनारायणको यशोगान यस नाटकमा भएको पाइन्छ । साथै नेपाल निर्माण अभियानमा उनले पुऱ्याएको योगदानको चर्चा गरिएको छ ।

चित्रनाटक लेखनको नवीन आयाम थप्ने श्री ५ पृथ्वीनारायण शाहले कस्तो समयमा नेपालको एकीकरण गरे भन्ने तथ्य यस नाटकमा वर्णन गरिएको देखिन्छ । के कस्तो राजनीतिक परिस्थितिले उनमा एकीकरणको भावना आएको थियो भन्ने विचार यस नाटकमा उल्लेख गरेको पाइन्छ । जसले नेपाली नागरिकलाई राष्ट्रनिर्माणको महान् अभियानमा समर्पित हुन पनि आग्रह गरेको छ ।

राष्ट्रनायक पृथ्वीनारायण शाहदेखि महेन्द्रसम्मको राजनीतिक परिस्थितिको चित्रात्मक वर्णन उनका यस्ता दुईओटा चित्र नाटकमा भएका छन् । यही नाम भएका उनका दुईओटा नाटकहरू प्रकाशित भएका देखिन्छन् । एउटा उनले पृथ्वीनारायण शाहको अभ्युदयपूर्वको घटनाहरूलाई प्रस्तुत गरेका छन् । चित्रनाटक लेखनको उद्देश्यलाई उनले यसरी अभिव्यक्त गरेका छन् :

“मौसुफहरूकै उदयले स-साना टुक्रामा विभाजित हाम्रो देशलाई विशाल बनाउने अभियानमा अनेक राज्य रजौटाहरूलाई नेपालभित्र गाभ्दै नेपाली राष्ट्रियताको बिगुल बज्यो । एउटा सानो घेराको राष्ट्रियताले पहाड काट्यो, टाकुरा चढ्यो, नदीको उर्लंदो भेल झैं बनेर खोला खोंच मैदान हुँदै तराईको समथर फाँटसम्म पुगेर विशाल रूप लिन सफल भयो र हामी एउटा सिङ्गो नेपाली भएर बस्न पायौं । जसमा राष्ट्रिय एकताका प्रतीक श्री ५ पृथ्वीनारायण शाहको महत्त्वपूर्ण योगदान रहेको कुरा उल्लेख गरिएको छ । यस्तो चित्रकथा तयार पार्ने सिलसिलामा मैले इतिहासमा लेखेका कुरा मात्रै राख्दा कतै रोचकता प्रदान हुन नसक्ला, कतै मनोविज्ञानतिर विचार गर्नुपर्ला भने यो चित्रकथा पनि हाम्रा अधिकांश बालबालिका, साक्षर र निरक्षर रेखामा रहेका युवा तथा वृद्धहरूका लागि अझ बढी काम लाग्ने भएकाले यसरी तयार पारिएको कुरा पाठकहरूलाई मेरो नम्र निवेदन छ ।”[१] यसरी नाटककार अभिलाषीले नाटकको भूमिकामा नै उक्त कुरा उल्लेख गरेका छन् ।

[१] जितेन्द्र महत ‘अभिलाषी’ श्री ५ बडामहाराजधिराज पृथ्वी र हाम्रो एकीकरण (२०४५), जनकपुर चुरोट कारखाना) पृ.ख ।

माथि उल्लिखित गद्यांशबाट यी चित्र नाटक लेखनको पूर्वपीठिका अथवा उद्देश्य स्पष्ट हुन्छ । यसबाट राष्ट्रियत एकता र मेलमिलापको विषयमा समेत ठूलो मदत पुगेको कुरा सहजै अड्कल एवम् अनुमान गर्न सकिन्छ ।

महतका नाटकहरूको अध्ययनबाट उनमा राजतन्त्रप्रति अगाध श्रद्धा भएको स्पष्ट हुन्छ । श्रद्धावश नै उनले शाहवंशीय राजाहरूलाई नायक बनाई नाटकहरू सिर्जना गरेका छन् । उनले शाहवंशीय राजाहरूलाई राष्ट्रिय एकताको प्रतीक र प्रजापालक, राष्ट्रसेवक तथा धार्मिक रक्षकका रूपमा समेत चित्रण गरेका छन् जसले धर्मको रक्षा र प्रजाको उचित ढङ्गले पालना गर्दछ । यहाँ उनले शाहवंशीय राजाप्रति गहिरो श्रद्धा प्रकट गरेका छन् ।

प्रस्तुत नाटकको ऐतिहासिक विषयलाई पूर्वीय र पाश्चात्य दुवै नाट्य सिद्धान्तअनुसार विश्लेषण गर्न सकिन्छ अर्थात् यसमा अभिलाषीले दुवै नाट्य सिद्धान्तको प्रयोग गरेका छन् । यसमा नेपाल एकीकरणको विषय र सन्दर्भलाई समेटिएको हुनाले यो नाटक ऐतिहासिक नाटक हो भन्ने कुरा स्पष्ट हुन्छ ।

पृथ्वीनारायण शाहको अभ्युदय पूर्व नेपाल बाइसे चौबिसे राज्यमा विभक्त थियो । त्यस समयको आर्थिक, सामाजिक र राजनीतिक परिस्थितिको प्रस्तुति *श्री ५ बडामहाराजाधिराज पृथ्वी र हाम्रो एकीकरण* (२०४५ भाद्र) ले गरेको छ । यही एकीकरण र एकताको कारण नेपाल एउटा शान्त र स्वतन्त्र राष्ट्रको रूपमा परिचित छ ।

यस नाटकमा चित्र दिइएको छ र त्यसको स्पष्टीकरणका लागि नेपाली भाषामा त्यसको व्याख्यासमेत गरिएको पाइन्छ । एकीकरण पूर्वको नेपालको स्थितिलाई नाटककार यसरी अभिव्यक्त गर्छन् - "त्यसताक अहिलेको हाम्रो विशाल देश ससाना टुक्रामा विभाजित भएर छरिएका थिए । त्यसरी छरिएका मुलुकहरूलाई बाइसे चौबिसे

पनि भनिन्थ्यो ।"[२] यी राज्यलाई एउटै तुल्याई एकीकरण गरेकाले पृथ्वीनारायणलाई राष्ट्रनिर्माणका अभियानको थालनी गर्ने व्यक्तिका रूपमा चिनिन्छन् ।

प्रस्तुत दुईओटै नाटक बाल प्रयोजनका लागि लेखिएको प्रतीत हुन्छ । नाटक मञ्चीय साहित्यिक विधा भए तापनि यी नाटकलाई मञ्चमा उतार्ने त्यति सहज हुँदैन । बालबालिकालाई चित्रका माध्यमबाट नेपालको इतिहासको जानकारी गराउनु यी नाटकका उद्देश्य हुन् भन्न सकिन्छ । बालबालिकाहरूलाई चित्रात्मक सूचनाको माध्यमबाट पाठात्मक ज्ञान प्रदान गर्न उक्त नाटकहरू सफल देखिन्छन् ।

नाटककार जितेन्द्र महत अभिलाषीले आफ्ना नाटकमा इतिहासबाट विषयवस्तु ग्रहण गरी बालमनोविज्ञानलाई ध्यानमा राखेको कुरा स्पष्ट हुन्छ । यसबाट उनका नाटकको विषयवस्तुको स्रोत ऐतिहासिक रहेको कुरा स्पष्ट हुन्छ । अभिव्यक्तिको माध्यम भाषा सहज र सरल प्रकृतिको देखिन्छ । भाव र विचारलाई भाषाले अतिक्रमण गरेको पाइँदैन । मञ्चीय विधा भए पनि पढ्नका लागि समेत आकर्षक किसिमको छ । यो उनको नाटक लेखनको शैलीगत विशेषता हो भनी मान्नु पर्ने हुन्छ । उनले पाठ्य र अभिनयात्मक दृश्य विधालाई पाठ्यगत एवम् अवलोकनात्मक माध्यमबाट प्रस्तुत गरेका छन् ।

पात्रगत हिसाबले हेर्दा महतका नाटकमा विविधता पाइन्छ । प्रस्तुत नाटकहरूमा प्रशस्त वर्णित पात्रहरू रहेका छन् । वर्णनमा मात्र आउने प्रत्यक्ष अभिनय नगर्ने पात्रहरूको प्रयोग यी नाटकहरूमा भएको पाइन्छ । नेपालको एकीकरणमा संलग्न सबै ऐतिहासिक व्यक्तित्वहरू यस नाटकका पात्र हुन् । फरक सन्दर्भ, जातिगत विविधता र भाषिक विविधता भएका पात्रहरूको प्रयोग यी दुईओटै नाटकमा पाइन्छ । नेपाल चार वर्ण र छत्तीस जातको साझा फुलबारी हो भन्ने कुरा यसमा उल्लेख छ ।

प्रस्तुत नाटकहरू लेखनको उद्देश्यलाई सम्पादक/प्रकाशकले यसरी अभिव्यक्त गरेका छन् : "यो देश शाहवंशीय सरकारहरूकै छत्रछायामा हुर्केको देश । श्री ५ बडामहाराजाधिराज सरकारबाट आफ्नो दिव्योपदेशमा ....फूलबारी पनि हुकुम भएको

---

[२] पूर्ववत् पृ.७ ।

छ । यदि पृथ्वीनारायण शाहले एकीकरण नगरेको भए हाम्रा राज्यहरू अङ्ग्रेजको अधिनमा पुग्ने थिए । यस्तो खालको राष्ट्रियताको पक्षमा उठाइएको आवाज यस नाटकमा गम्भीर ढङ्गमा प्रस्तुत गरिएको छ ।

नेपाल आर्य संस्कृतिको उद्‌गमस्थल राजा जनक, सीता, भगवान् गौतम बुद्ध, व्यास ऋषि जस्ता महामानवहरूले विश्वलाई नै ज्ञानको प्रकाश ज्योति प्रज्वलित गराएको पुण्यभूमि हो । नेपालको इतिहास सदैव यसरी नै शाह वंशीय राजाहरूको अतुलनीय योगदान अदम्य उत्साह, महानतम वीरगाथा, राष्ट्र, राष्ट्रियत्व प्रतिको अगाध आस्थाले भरिएको परिप्रेक्ष्यमा नै सम्पूर्ण बालबालिकाले समेत यस्तो गौरवगाथा जान्नुबाट वञ्चित नरहुन् भनेर हामीले यस्तो चित्रकथाको प्रकाशन गर्न थालेका हौँ ।"[३] यसबाट नेपाली हुनुको राष्ट्रिय स्वाभिमान र आत्मगौरव स्पष्ट हुन्छ ।

## (२) पहिले र अहिलेका कुरा

नाटककार जितेन्द्र महत अभिलाषीको दोस्रो प्रकाशित नाटक *पहिले र अहिलेका कुरा* हो । प्रस्तुत एकाङ्की सिपाही पत्रिकामा प्रकाशित भएको पाइन्छ । *सिपाही* पत्रिका तत्कालीन शाही नेपाली सेनाको वार्षिक मुखपत्रका रूपमा रहेको थियो । २०३४ सालको *सिपाही* पत्रिकामा नाटककार जितेन्द्र महत अभिलाषीको *पहिले र अहिलेको कुरा* नामक एकाङ्की प्रकाशित भएको देखिन्छ । यस एकाङ्कीमा देशको प्राचीन अवस्था र वर्तमान अवस्थाका विषयमा चर्चा गरिएको छ ।

नाटककार प्रस्तोता एवम् बहुमुखी प्रतिभाका धनी व्यक्तित्व महत मूलतः राजतन्त्रका कट्टर समर्थकका रूपमा देखिन्छन् । तत्कालीन शाही नेपाली सेनामा उनका बुबाको जागिर थियो । बाबुको जागिरे जीवनका क्रममा उनको बाल्यकाल सैन्य परिवेशमा व्यतीत भएको देखिन्छ । सैन्य परिवेशमा बाल्यकाल बितेकाले शाही नेपाली सेना र राजतन्त्रप्रति उनको अगाध श्रद्धा भक्ति रहेको हुन सक्छ । उनको लेखन तथा बाल्यकालीन परिवेशले गर्दा पनि उक्त कुरा स्पष्ट हुन्छ ।

---

[३] पूर्ववत् पृ.७ ।

प्रस्तुत पहिले र अहिलेका कुरा नामक एकाङ्की आकारका दृष्टिले सानो छ । जम्मा जम्मी ८ पृष्ठमा यो एकाङ्की सकिएको छ । पृष्ठ ८६ देखि ९४ सम्म एकाङ्की भए पनि बीचमा शाही नेपाली सेनाले गरेको विविध कार्यक्रमको जानकारीमूलक तस्वीर राखेकाले एकाङ्की छोटो देखिएको हो । यस एकाङ्कीलाई पनि सचित्र रूपमा वर्णन गरिएको छ । यस एकाङ्कीमा अभिनेयात्मक गुण र क्षमता प्रशस्त मात्रामा पाइन्छ । जसले नाटकको सफलतामा पनि ठूलो सहयोग पुऱ्याएको पाइन्छ ।

यस एकाङ्कीमा विषयवस्तु समसामयिक रहेको पाइन्छ । विकट ग्रामीण भेगमा रहेका जनताहरूको कहालीलाग्दो विगत र विकासले ल्याउन थालेको खुसीको चर्चा मात्र यस नाटकमा भएको पाइन्छ । नाटककारका दृष्टिमा विकास हुन थाल्नुमा राजाको असीम कृपादृष्टि रहेको थियो । राजाको सक्रिय नेतृत्वले नेपालमा विकासको मूल फुट्न थालेको विचार यस नाटकमा अप्रत्यक्ष रूपमा अभिव्यक्त भएको छ । ताकेघाट नामक गाउँको परिवेशमा नाटक लेखन भएको देखिन्छ । प्रस्तुत नाटकको परिवेश २०४० को दशकको समग्र नेपालको कथा हो । अशिक्षा, गरिबी र विकास हुन नसक्नु जस्ता समस्याबाट पीडित नेपालीहरू ४० को दशकतिर क्रमिक सुधारोन्मुख भइरहेको तथ्य यस नाटकमा अभिव्यक्त भएको देखिन्छ । मानिसको स्वतन्त्रता नै सबैभन्दा ठूलो कुरा हो भन्ने अभिव्यक्ति यस नाटकमा रहेको छ । साथै मानिसलाई स्वतन्त्रता प्राप्तिको लागि सङ्घर्ष गर्न पनि आग्रह गरिएको छ ।

नेपाल एकीकरणको सन्दर्भ महतका प्रायजसो सबै नाटकमा आएका छन् । त्यस कुराबाट यो नाटक पनि अछुतो छैन । नेपालको एकीकरणलाई यसले कसरी प्रस्तुत गरेको छ भन्ने कुरा तलको नाट्यांशबाट थप स्पष्ट हुन्छ ।

“साहित्य : यी आमै गोरखा दरबारको कुरा गर्छिन् अब ! यत्रो सिंगो नेपाल बनाउने श्री ५ पृथ्वीनारायणको दरबार किन हैन त !”[४] यहाँ पृथ्वीनारायण शाहको नेपाल भ्रमण अभियानको विषयमा चर्चा गरिएको छ ।

---

[४] जितेन्द्र महत ‘अभिलाषी’ “सिपाही” २०३९ : शाही नेपाली जंगी अड्डा पृ.९३ ।

उत्पाद्य कथावस्तु रहेको यस नाटकमा कम पात्रहरू प्रयोग भएका छन् । दोर्जे (आगन्तुक) आमै, मैना, साहिला जस्ता गारिब तर प्रगति चाहने पात्रहरूको प्रयोग भएको पाइन्छ । यी सबै प्रमुख पात्र हुन् । यी बाहेक श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण आदि सूच्य पात्रहरूको पनि प्रयोग भएको पाइन्छ । प्रमुख पात्रहरू सबै मञ्चमा आएर अभिनय गर्ने खालका छन् । तृतीय पुरूष दृष्टिविन्दुमा रहेको यस नाटकका पात्रले मध्यम वर्गीय नेपालीहरूको प्रतिनिधित्व गरेका छन् । सरल, सहज प्रवृत्तिको भाषाको प्रयोग भएको  देखिन्छ । उनको भाषा प्रयोगलाई एक दृष्टान्तका रूपमा हेरौँ : "आमै : (उस्तै मुद्रामा) खोइ, म ता यी आँखा पनि राम्रो देख्दिनँ बा ! यता आउन, यता बत्तीको उज्यालोमा खोइ, यो बुढेसकाल लागेपछि जिउ पनि कटकटी खाने, कमजोरी उस्तै ! जीउ पनि कमजोर, आँखा आँखा कमजोर, सँधैको रोगी ! काम केही गरूँ भने पनि हुति हराउने ! यस्तै हुँदो रहेछ बा ! खोइ बाबुलाई त मैले राम्ररी चिन्न सकिन नि त ।"[५] नेपाल भ्रमणको अभियानका क्रममा बूढी आमाकहाँ बास बस्दाको अवस्थालाई यहाँ चित्रण गरिएको छ ।

४० को दशकको नेपालको ग्रामीण गरिबीलाई यस नाटकले राम्ररी नै मुखरित गरेको देखिन्छ । कसरी ग्राम्य भेगमा बसोवास गर्ने व्यक्तिहरू भोक, रोग र शोकले पीडित थिए भन्ने तथ्य यस नाटकमा अभिव्यक्त भएको पाइन्छ । यस कुरामा नाटककार जतेन्द्र महत अभिलाषी सफल भएका मान्न सकिन्छ । उनको यो नाट्यलेखन कला र क्षमताले गर्दा उनी एक प्रयोगशील नाटककार हुन् भन्न सकिन्छ ।

### (३) बेला बितेपछि एकाङ्कीको अध्ययन

२०४९ साल वैशाख महिनामा जितेन्द्र महत अभिलाषीको *बेला बितेपछि* एकाङ्की प्रकाशित भएको छ । प्रस्तुत नाटकको विषयवस्तु ऐतिहासिकभन्दा विज्ञान प्रविधिको आविष्कारको अध्ययन अनुसन्धानसित सम्बन्धित रहेको छ । एकाङ्कीको पूर्व पीठिका एकाङ्कीकारले कुन रूपमा प्रस्तुत गरेका छन् भन्ने कुरा तलको साक्ष्यबाट थप स्पष्ट हुन्छ ।

---

[५] पूर्ववत् पृ. ८६ ।

"पर्दा खुल्नु अगाडि रङ्गमञ्चबाट अर्कै सङ्गीत आएको हुन्छ । पर्दा खुलेपछि क्रस फेड गरेर ... । कमलासँगै पछि पछि एकजना मान्छे ऱ्याम्बो आएको हुन्छ ।[६] यसमा बाल मनोविज्ञानलाई समेत कुशल रूपमा समायोजन गरिएको छ । त्यस्तै सामाजिक पक्षमा पनि नाटकले जोड दिएको पाइन्छ ।

यस एकाङ्कीले विज्ञान प्रविधिको विकासको सिलसिलालाई प्रस्तुत गरिएको छ । साथ साथै विज्ञान प्रविधि र कल्प साहित्य सर्जक बीचको अन्तर्द्वन्द्वलाई समेत देखाउने काम गरेको छ । विज्ञान विकासको कारक पनि हो र विनाशको परिणति पनि भन्ने कुरा यस नाटकमा बताइएको छ । नाटकले विज्ञानलाई प्रयोग कसरी गर्ने भन्ने विषयमा स्पष्ट पारेका छन् ।

अल्पविकसित देशहरू जबसम्म विकासका लागि नयाँनयाँ प्रविधि प्रयोगमा ल्याउँदैनन् तबसम्म विकास सम्भव नभएको तथ्यलाई एकाङ्कीकारले देखाएका छन् । विकसित विश्व बन्न प्रविधिको विकास अपरिहार्य भए पनि त्यसको प्रयोगमा ध्यान पुऱ्याउनु पर्ने सन्देश समेत मुखरित हुन पुगेको पाइन्छ । विज्ञानको दुरूपयोग भन्दा सदुपयोगमा ध्यान दिन सकेमा देशको विकास हुन्छ भन्ने कुरा यसमा उल्लेख छ । विज्ञानको उपयोग सही ढङ्गले गर्न सके विज्ञान वरदान साबित हुने कुरा यसमा प्रस्तुत गरिएको छ ।

विज्ञान प्रविधि र त्यसको सकारात्मक, नकारात्मक दुवै पाटोको प्रस्तुति यस एकाङ्कीमा भएको देखिन्छ । यसबाट मानव मनमा रहेको विज्ञान प्रतिको मोह र भ्रमको विषयमा स्पष्ट पारिएको छ । नेपालको विकास हुन नसक्नुमा विज्ञानको प्रयोगमा आएको कमी पनि हो भन्ने कुरा यस नाटकमा उल्लेख छ ।

सहरिया परिवेश एकाङ्कीमा चित्रण भएको पाइन्छ । सम्भ्रान्त वर्गका पात्रहरू अत्यधिक मात्रामा प्रयोग भएका छन् । कुलीन वर्गले बोल्ने भाषा यस एकाङ्कीमा प्रयोग भएको देखिन्छ । यति हुँदा हुँदै पनि भाव, विचार र अभिनयलाई भाषाले रोकेको पाइँदैन । यो एकाङ्कीकार जीतेन्द्र महत अभिलाषीको एकाङ्कीगत विशेषता मान्न

[६] जितेन्द्र महत 'अभिलाषी' "गरिमा" जब बेला बित्छ : साझा प्रकाशन २०४९ वैशाख पृ.५८ ।

सकिन्छ । भाषा, भाव, अभिनय र विचारको उचित संयोजन गर्नु उनको नाट्यकारिता भित्रको विशिष्ट पक्ष हो ।

## ४.३ श्री ५ रणबहादुर शाह नाटकको विधागत अध्ययन

जितेन्द्र महत अभिलाषीद्वारा सिर्जित *श्री ५ रणबहादुर शाह* ऐतिहासिक नाटक हो । यस नाटकमा उनले नेपालको शाहवंशीय राज परम्पराअन्तर्गत प्रतापसिंह शाहका छोरा रणबहादुर शाहको शासन अवधिमा देखापरेको अस्थिरताको चित्रण गरेका छन् । इतिहासका पानामा घटेका घटनालाई नाटककार महतले बढो गम्भीरताका साथ प्रस्तुत गरेको पाइन्छ । नाटकको सामान्य कथावस्तु यसप्रकार रहेको छ :

काठमाडौं राजदरबारमा एउटा बैठक बसिरहेको छ । त्यस बैठकमा तत्कालीन भारदारहरू गजराज मिश्र, त्रिभुवन प्रधान र बख्यार सिंह बस्न्यात आदिको उपस्थिति रहेको हुन्छ । यस बैठकमा राजा रणबहादुर भारत काशीमा बसिरहेका थिए । यता काठमाडौँमा रानी राजेश्वरीले गिर्वाणयुद्ध वीरविक्रम शाहको नायबी चलाइरहेकी थिइन् । तिनीहरूका बीचमा राजा रणबहादुर शाह पुनः दलबलसहित नेपाल फर्किन आँटेका विषयमा गफ भइरहेको थियो । त्यहाँ उनीहरू बीच भावी दिनका विषयमा अनेक तर्कना हुन्छन् । कोही अब तत्कालीन नेपाल अधिराज्यको भविष्य स्वर्णिम रहेको बताउँछन् । त्यसैगरी कतिपय भारदारहरूका मन भावी सङ्कटले निम्त्याउन सक्ने दुष्परिणामले रन्थनिएको छ । नेपाल एकीकरण र सुदृढीकरणको काल खण्डलाई यस नाटकले आफ्नो विषय बनाएको छ ।

यस्तै अवस्थामा दामोदर पाण्डेको प्रवेश हुन्छ । उनले दरबारमा कसिङ्गर स्वाभाविक भए पनि यसले ठूलो असर नगर्ने तर्क गर्दछन् । तर दरबारका र राज्यमा भइरहेका कुराका बारेमा प्रधान भारदारहरू सचेत र सजग हुनुपर्ने तर्क अगाडि सारेका छन् । दामोदर पाण्डेले त्यहाँ अङ्ग्रेजसँग भएको सुगौली सन्धि भङ्ग भइसकेको कुरा जानकारी दिएका छन् । यहाँ यो कुरा सूचनाका रूपमा मात्र आएको छ र सन्धि भङ्ग हुनुमा जेठी महारानीको हात थियो भन्ने कुराको जानकारी पनि उनैले दिएका छन् । त्यहाँ उपस्थितमध्ये एकजना भारदार बख्तारसिंह जेठी महारानीको समर्थक जस्तो

लाग्दछ । उसले त्यहाँ सन्धि भङ्ग गर्ने जेठी महारानीको निर्णयलाई सही भन्दछन् । दामोदर पाँडेले त्यहाँ नायब बडामहारानी सुवर्णप्रभाको सन्देश सुनाउँदछ । त्यो सन्देश के रहेको छ भने दरबारमा बसेर घरायसी झगडालाई ठूलो नबनाउनु त्यसले कसैको पनि हित गर्दैन । त्यसै ठाउँमा भारदारहरू बीच काशीबाट रणबहादुर शाहको केही सन्देश आउन सक्ने बारेमा पनि चर्चा परिचर्चा भएको छ । त्यही बैठकमा काशीमा श्री ५ रणबहादुर शाहसँग रहेका भीमसेन थापाको शौर्यका बारेमा समेत छलफल भएको पाइन्छ । त्यहाँ उपस्थित भारदारहरूका बीचमा विचारगत समानता रहेको पाइँदैन । काशीबाट राजा दलबलसहित आउँछन् कि आउँदैन भन्ने बारेमा प्रशस्त मतभेदहरू त्यहाँ उपस्थित भारदारहरूमा रहेको पाइन्छ । भीमसेन थापाले नै देशको रक्षा गरेको कुरा उक्त नाटकमा वर्णन गरिएको छ ।

विशेष गरी काशीमा रहेका राजा रणबहादुरसँग अत्यन्त बाठा भीमसेन थापा रहेको कुरा बताइन्छ । यस विषयमा उपस्थित भारदारहरू बीच चर्काचर्की बहस हुन्छ । त्यही नै राजा काशी जानुको कारण अङ्ग्रेजहरूसँगको सुगौली सन्धि भङ्ग हुनु आदि विषयको बारेमा पनि बहसहरू भएको पाइन्छ । त्यहाँ उपस्थित कतिपय भारदाहरू समस्याको जड जेठी महारानी भएको समेत बताउँछन् । यदि महाराज तीर्थ यात्राको लागि जानु पर्दथ्यो भने देशभित्रकै वराहक्षेत्र, मुक्तिनाथ आदि जाँदा राम्रो हुने कुराका बारेमा समेत व्यापक छलफल भएको देखिन्छ । रणबहादुर शाहका विश्वास पात्रका रूपमा तत्कालीन अवस्थामा भीमसेन थापा थिए भन्ने कुरा यहाँ स्पष्ट छ ।

त्यहाँ उपस्थित भारदारहरूमध्ये बख्तासिंह राजा रणबहादुरको स्वदेश प्रत्यावर्तनका पक्षमा रहेको छ । उसले राजा, राष्ट्र र धार्मिक सांस्कृतिक आस्थाप्रति राखेको विश्वास यस्तो छ : “राजा-महाराजा, महारानीतिर किन झोस्न खोज्नु हुन्छ मलाई ? यो नेपाल यौटा स्वतन्त्र हिन्दु अधिराज्य हो । जहाँ राजालाई विष्णु र रानीलाई लक्ष्मीको रूप मान्ने हाम्रो धर्म परम्परामा मलाई महारानीप्रति, राजाप्रति त भक्ति छ । आस्था छ, गौरव छ, स्वाभिमान छ । म किन महारानीलाई ढाल बनाउँ ? त्यति भक्ति नभएको भए महाराजाबाट मलाई छोरो बनाइ बक्सने उठ्दै थियो (महत, २०३१ : १६) । त्यसै समयमा राजकुमार विदुर शाहको आगमन हुन्छ । त्यहाँ उपस्थित

भारदारहरूले शिष्टचार निभाउँछन् । राजकुमारले राजा रणबहादुर शाह काशीबाट फर्किन आँटेको चिठी प्राप्त भएको बताउँछन् । यहाँ आपसी झैझगडा र कलहले देश कमजोर भएको कुरा उल्लेख छ ।

राजाको काशीबाट प्रत्यावर्तनका विषयमा छलफल गर्न नायब बडामहारानीको अध्यक्षतामा बैठक बस्दछ । त्यहाँ बडामहारानी सुवर्ण प्रभा र राजकुमार विदुर शाहबीच अत्यन्त ठूलो विवाद हुन्छ । विदुर शाहका अनुसार राज्यमा आइ पर्न आँटेको सबै आपत्हरू नायक बडामहारानीको हात रहेको छ भन्दछन् । साथै आफू दाजु महाराजलाई लिन जाने कुरा समेत व्यक्त गर्दछन् । यस घटनाले रानीहरूको बीचको मनमुटाव नै तत्कालीन अवस्थामा देशको कठिन अवस्थाको कारण हो भन्ने स्पष्ट पारेको छ ।

नायब बडामहारानीले त्यसलाई रोक्न तत्कालीन प्रधानसेनापति कालु पाँडेको नेतृत्वमा एक सैनिक टुकडी पठाउँछिन् । तर दुर्भाग्य रानीका तर्फबाट गएका सम्पूर्ण सैनिकहरू राजालाई देखेपछि हतियार बिसाई उतैतिर लाग्दछन् । त्यहाँ काठमाडौँतिरबाट गएका प्रधानसेनापति कालु पाँडे एक्लै हुन्छन् र त्यहीँ नै उनको इहलीला समाप्त हुन्छ । यो समाचार काठमाडौंमा नायब बडामहारानीलाई एक सैनिकद्वारा सुनाइन्छ । भीमसेन थापासहित राजाको काठमाडौँ आगमन हुन्छ । राजा गीर्वाणको राज्याभिषेक हुन्छ । नव अभिषिन्त राजा गीर्वाणले रणबहादुरलाई मुख्तियारको पद दिन्छन् र उनको यस्तो उद्घोषसहित नाटकको अन्त्य हुन्छ : “स्वामी महाराज मेरा प्यारा भाइ हो । अब म नभएको बेलामा जस्तो अत्याचार र अन्याय हुने छैन ।” रणबहादुर शाहले आफू काशी प्रवासमा रहँदा जनताले भोग्नुपरेको समस्यालाई यहाँ स्पष्ट गरेका छन् ।

यसरी पारिवारिक सङ्घर्ष र बेमेलको स्थितिबाट उत्पन्न भएको राज्य कलहको अन्त्य भएको देखिन्छ । राज्य कलहको अन्त्य सँगसँगै देशको सामाजिक, आर्थिक र राजनीतिक वातावरणमा समेत सुधार आएको पाइन्छ ।

इतिहासमा घटेका घटनाहरूलाई एकत्रित गरी निर्माण भएकाले यो नाटक ऐतिहासिक बन्न पुगेको हो । कुन नाटकलाई ऐतिहासिक भन्ने विषयमा समीक्षकहरूको विचार फरक फरक धारणा रहेको पाइन्छ । अतः यहाँ प्रस्तुत नाटक *श्री ५ रणबहादुर* शाहको नाट्य सिद्धान्तका आधारमा यसरी विश्लेषण गरिएको छ :

## ४.३.१ कथानक

*श्री ५ रणबहादुर शाह* नाटक इतिहासका पानामा घटेका सत्य घटनामा आधारित छ । सत्य घटनामा आधारित हुँदाहुँदै पनि यसमा प्रशस्त मौलिकता पाइन्छ । यस नाटकमा श्री बडामहारानी सुवर्णप्रभा तर्फका प्रधान सेनापति कालु पाँडेको अन्त्य भएको देखाइएको भए पनि अन्त्यमा पारिवारिक मिलन देखाइएकाले सुखान्त नाटक मान्न सकिन्छ । प्रमुख पात्रको अन्त्य हुँाद पाश्चात्य नाटक सिद्धान्तका दृष्टिबाट दुःखान्त बन्न सक्दछ तर विषय पूर्वीय नाट्य सिद्धान्तले वियोगान्त नाटक त्यति रुचाएको पाइँदैन । यस नाटकमा कथानकसम्बन्धी धारणा पूर्वबाट ग्रहण गरेको स्पष्ट हुन्छ किनकि यसमा पूर्वीय मान्यताअनुरूप विभिन्न खालका घटना र परिघटनाले राज्यमा निम्तेको आपद्विपद्सँग यस नाटकको कथानकको सम्बन्ध रहेको छ । यस नाटकको अध्ययनबाट पृथ्वीनारायण शाह पश्चात् उनको वंशमा फैलिरहेको आपसी द्वन्द्व र फुटको घटना कस्तो थियो भन्ने राम्ररी जान्न सकिन्छ ।

नेपालको राजनीतिक इतिहासमा दरबारसँग सम्बन्धित भनेको षड्यन्त्रका घटनाहरू रहेका छन् । तिनै घटनाहरू मध्ये श्री ५ रणबहादुर शाह र नायब बडा महारानी सुर्वण प्रभा बीचको सङ्घर्ष यस नाटकमा देखाइएको छ । भावी राजाका विषयलाई लिएर मच्चिएको सङ्घर्षको अन्त्य नायव बडामहारानी सुवर्ण प्रभाको कुत्सित योजना पूरा नभई समाप्त भएको देखिन्छ ।

इतिहासलाई आफ्नो तत्कालीन नेपालको आर्थिक, सामाजिक, धार्मिक र सांस्कृतिक परिवेश समेत यस नाटकमा प्रस्तुत भएको पाइन्छ । तत्कालीन नेपालमा राजारानीलाई विष्णुलक्ष्मीका रूपमा मानिथ्यो । यस कुरालाई नाटकमा बख्तार सिंहका

माध्यमबाट यसरी व्यक्त गरिएको छ : यी र यस्तै विषयलाई उठाएको नाटक श्री ५ रणबहादुरको अङ्क विभाजन गरेको पाइँदैन ।

प्राच्य नाट्य सिद्धान्तले कथानकमा निम्नलिखित तत्त्वहरूको यथोचित सम्मिलनको आवश्यकतालाई महसुस गरेको पाइन्छ :

| कार्यावस्था | सन्धि | अर्थप्रकृत्ति |
|---|---|---|
| आरम्भ | मुख | बीज |
| यत्न | प्रतिमुख | विन्दु |
| प्राप्त्याशा | गर्भ | पताका |
| नियताप्ति | विमर्श | प्रकरी |
| फलागम | निर्वहण | कार्य |

(भण्डारी र अन्य, २०६७ : ३६८) ।

त्यस्तै गरी नाट्य सिद्धान्तले पनि नाटकमा कथानकलाई व्यवस्थित र सुगठित बनाउने प्रयास गरेको देखिन्छ ।

पूर्वीय तथा पाश्चात्य दुवैतिरका नाट्य मान्यताले कथानकका स्रोतका बारेमा पनि आ-आफ्ना अभिमतहरू प्रकट गरेका छन् । पूर्वका आदिम नाट्य चिन्तक भरत लगायत अन्यले कथावस्तुको स्रोतका रूपमा प्रख्यात, उत्पाद्य र मिश्र तीन प्रकारको स्रोतको चर्चा गरेका छन् । यस दृष्टिबाट हेर्दा श्री ५ रणबहादुर प्रख्यात स्रोतअन्तर्गतको पर्दछ किनभने इतिहासका प्रसिद्ध भइसकेको विषय यस नाटकको रहेको छ । त्यसैगरी पाश्चात्य नाट्य समीक्षकहरूले पनि तीन प्रकारकै स्रोतको चर्चा गरेका छन् । ती स्रोत हुन् : दन्त्य कथा, कल्पना र इतिहास (भण्डारी र अन्य, २०६७ : ३३५) । तथापि एरिस्टोटलले आफ्नो दुःखान्त सिद्धान्तमा दन्त्य कथामूलक नाटकलाई उच्च महत्त्व दिएका छन् । यति हुँदा हुँदै पनि ऐतिहासिक विषयलाई समेत उनले समेटेकाले त्यसलाई निम्न पार्नु पर्ने कारण देखिँदैन । यस नाटकको कथानकको स्रोत ऐतिहासिक रहेको छ । इतिहासका पानमा घटित घटनालाई नै यसले आफ्नो प्रमुख

विषय बनाएकाले पनि एरिस्टोटलीय दृष्टिबाट समेत यस नाटकको कथानकको स्रोत समुचित र औचित्यपूर्ण रहेको मान्न सकिन्छ ।

### ४.३.२ पात्र वा चरित्र

चरित्र वा पात्र नाटकको अनिवार्य घटक अर्थात् तत्त्व हो । जसले नाटकमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । कथानकलाई गति दिने काम पात्र वा चरित्रको हुन्छ । निबन्ध र फुटकर कवितामा पात्रको आवश्यकता हुँदैन । अर्थात् पात्रविना नै ती साहित्यिक विधाको सिर्जना हुन सक्छ । तर तीबाहेकका अन्य साहित्यिक विधामा पात्र वा चरित्र अनिवार्य हुनुपर्दछ । नाटक अभिनयात्मक विधा भएकाले पनि यसमा पात्रको उपस्थिति अनिवार्यता रहन्छ ।

नाटक साहित्यको दृश्य विधा हो । यो रङ्गमञ्चमा अभिनयपूर्वक प्रदर्शन गरिन्छ । अभिनयका लागि पात्रको आवश्यकता पर्दछ । प्रस्तुत *श्री ५ रणबहादुर* नाटकमा निम्न लिखित पात्र रहेका छन् :

श्री ५ गीवार्ण युद्धविक्रम शाह

श्री ५ रणबहादुर शाह

श्री ५ नायब बडामहारानी सुवर्णप्रभा

राजकुमार विदुर शाह

मुख्तियार दामोदर पाँडे

काजी बख्तार सिंह बस्न्यात

गुरुज्यू गजराज मिश्र

काजी त्रिभुवन प्रधान

भीमसेन थापा

गुरुज्यू रंगनाथ पौड्याल

सिपाही

पूर्वीय तथा पाश्चात्य दुवैतिरका नाट्य सिद्धान्तले नाटकमा नायक नायिका, सहनायक, सहनायिका, प्रतिनायक र प्रतिनायिकाको व्यवस्था गरेको छ तर आधुनिक साहित्यमा प्रमुख, सहायक र गौण गरी पात्रको विभाजन तीन प्रकारले गरेको पाइन्छ। तथापि नाटकका सन्दर्भमा नायक नायिका आदिका आधारमा नै अध्ययन गर्नु उपयुक्त हुन जान्छ। अतः यहाँ संस्कृत नाट्यशास्त्र अर्थात् काव्यशास्त्रका आधारमा श्री ५ रणबहादुर शीर्षकको नाटकका विषयमा सामान्य चर्चा परिचर्चा प्रस्तुत गरिएको छ।

## (क) श्री ५ रणबहादुर शाह

नाटकमा नायकहरू प्रशस्त रहेका छन्। गीवार्णयुद्ध विक्रम शाह, श्री ५ रणबहादुर शाह, भीमसेन थापा, दामोर पाँडे लगायत धेरै पुरूष पात्रहरू नायकका रूपमा प्रस्तुत भएका छन्। दामोदरले पाँडेले यस नाटकमा नायकको भन्दा प्रतिनायक भूमिका निभाएको पाइन्छ र उसको नाटक समाप्त हुनुपूर्व नै अन्त्य भएको देखाइएको छ। संयोगान्त नाटकमा नायकको अन्त्य हुँदैन। भयो भने त्यसलाई संयोगान्त नाटक मान्न सकिँदैन। तसर्थ कुनै पनि दृष्टिकोणबाट दामोदर पाँडे यस नाटकको नायक बन्न सक्दैनन्। पूर्वीय तथा पाश्चात्य दुवै नाट्य सिद्धान्तका आधारमा उनी प्रतिनायक हुन्।

श्री ५ गीवार्णयुद्ध विक्रम शाह, श्री ५ रणबहादुर शाह र भीमसेन थापा नायक हुन् तर नाटकको अन्तिम अन्तिम क्षणमा बाहेक उनीहरूको नाटकभर सक्रिय भूमिका देखिँदैन। मुख्तियार दामोदर पाँडे, काजी बख्तार सिंह बस्न्यात, गुरुज्यू गजराज मिश्र र त्रिभुवन प्रधानका बीचमा भएको संवादमा मात्र उनीहरूका बारेमा जानकारी प्राप्त हुन आउँछ। सक्रिय भूमिका नभए पनि यिनैलाई यस नाटकको नायकहरू मान्नु पर्ने हुन्छ। इतिहास प्रसिद्ध यिनै नै यस नाटकका नायकहरू हुन्। यिनै कारणबाट यो नाटक बहुनायक युक्त रहेको छ भन्न सकिन्छ।

श्री ५ रणबहादुर शाह, श्री ५ गीवार्णयुद्ध विक्रम र भीमसेन थापा यस नाटकका प्रमुख पात्र वा नायकहरू भए पनि कथानकलाई अगाडि बढाउन यिनीहरूको सक्रिय भूमिका देखिँदैन। नाटकको उपसंहार भागमा आएर मात्र नाटकमा देखिन्छन्।

उनीहरू काशीबाट दलबल सहित हिँडेका थानकोटमा आइपुग्दा मात्र नाटकमा प्रत्यक्ष देखिन्छन् । त्यहाँ स्वामी महाराज लगायत अन्यको सक्रिय भूमिका देख्न सकिन्छ । यति हुँदाहुँदै पनि यिनै तीनजनालाई नाटकको नायक अर्थात् आधुनिक दृष्टिबाट भन्नु पर्दा मूल पात्र मान्नु पर्ने देखिन्छ ।

त्यसैगरी मूलपात्रकै सहायकका रूपमा देखिएका अन्य पात्रहरूमा राजकुमार विदुर शाह, काजी बख्तार सिंह बस्न्यात, गुरुज्यू गजराज मिश्र, काजी त्रिभुवन प्रधान, गुरुज्यू रंगनाथ पौड्याल रहेका छन् । यिनीहरूको पनि नाटकमा योगदान महत्त्वपूर्ण रहेको पाइन्छ । यिनीहरूलाई नाटकबाट निकाली दिने हो भने नाटकीय कार्यव्यापार अगाडि बढ्न सक्दैन । तसर्थ यिनीहरूलाई नाटकको प्रमुख सहायक पात्र मान्नु पर्ने हुन्छ । साथै आबद्धताका आधारमा उनीहरू बद्ध पात्र हुन् भने आसन्नताका आधारमा मञ्चीय पात्र हुन् ।

**नायिका**

विशेष गरी प्राच्य नाट्य सिद्धान्तले नायिकाका धेरै भेदहरू गरेको पाइन्छ । यस नाटककी नायिका सुवर्ण प्रभा हुन् । उनले तत्कालीन नेपालको नायबी शासन चलाएकी थिइन् । नाटकमा सुवर्णप्रभाको भूमिका केन्द्रीय देखिए पनि मञ्चीय दृष्टिले उनी केन्द्रीय पात्र होइनन् । उनी केवल नाटकको उत्कर्षमा भारदार सभामा मात्र देखिन्छन् । तथापि यस नाटककी उनी केन्द्रीय पात्र हुन् । उनकै नेतृत्वमा यो नाटक अगाडि बढेको छ । नाटकमा प्रदर्शित मुख्य घटनाहरूसँग सुवर्ण प्रभाको प्रत्यक्ष सम्बन्ध वा संलग्नता रहेको पाइन्छ ।

श्री ५ रणबहादुर शाह नाटककी सुवर्ण प्रभा केन्द्रीय र गतिहीन पात्र हुन् । उनको योजना र विचार सुरुवातदेखि नै राजाका लागि अयोग्य आफ्नो पुत्रलाई राजा बनाउने रहेको पाइन्छ । त्यसका लागि उनी जुनसुकै हतकण्ठा अपनाउन पनि तयार रहेकी देखिन्छिन् । उनको महत्त्वाकाङ्क्षी योजनाले गर्दा नै तत्कालीन नेपालको दुर्दशाको सुरुवात भएको देख्न सकिन्छ । उनी यस नाटककी मञ्चीय पात्र हुन् । मञ्चन गर्दा नाटकको उत्कर्षमा मात्र देखिए पनि सूच्य रूपमा उनी नाटकभर

देखिन्छिन् । वर्गीय रूपमा उनले असत् वर्गको प्रतिनिधित्व गर्ने पात्र हुन् । यदि यिनलाई नाटकबाट झिकी दिने हो भने नाटक सबल हुँदैन । सुवर्ण प्रभा पात्रविना *श्री ५ रणबहादुर शाह* नाटकको परिकल्पना गर्न सकिँदैन जसले गर्दा मञ्चनपश्चात् मात्र उनका नाटकले पूर्णता प्राप्त गरेको देखिन्छ ।

यस नाटकका अन्य पात्र पनि सशक्त भूमिकामा रहेका छन् । यिनीहरूलाई नाटकबाट झिकी दिँदा यसको प्रस्तुति र मञ्चनमा प्रत्यक्ष असर पर्ने देखिन्छ । नाटकभित्र भूमिकाका आधारमा गौण देखिए पनि मञ्चीय रूपमा सशक्त र सबल रहेका छन् । नाटक प्रदर्शन गरिने विधा भएकाले उनका नाटक मञ्चनीय प्रवृत्ति उन्मुख छन् ।

### ४.३.३ परिवेश

*श्री ५ रणबहादुर* शीर्षकको नाटकमा नेपालको आन्तरिक राजनीतिक परिवेशको चित्रण गरिएको छ । यस नाटकमा खासगरी रणबहादुर शाहको शासनकाल र त्यस अवस्थामा घटित ऐतिहासिक घटनाक्रमहरूको वर्णन गरिएको हुँदा यहाँ ऐतिहासिक परिवेश पनि झल्किएको पाइन्छ । साथै नेपालको दरबार र काशी एवम् बनारससम्मको भौगोलिक परिवेशको चित्रण पनि यस नाटकमा गरिएको छ । देशमा उत्पन्न परिस्थितिको कारण नेपाली जनता र उनीहरूको सामाजिक जनजीवनमा परेको प्रभाव पनि यस नाटकको उल्लेख्य परिवेश बन्न सफल देखिन्छ ।

महतले लेखेको *श्री ५ रणबहादुर* परिवेश चित्रणका दृष्टिले सशक्त छ । यस नाटकको मुख्य स्थानगत परिवेशका रूपमा काठमाडौं सहरनै रहेको छ तथापि यस नाटकका कथानकअन्तर्गतका केही घटनाहरू नुवाकोट जिल्ला आसपाका क्षेत्रमा घटेका हुन् । यस नाटकका कथानकले नेपालका एक शावंशीय राजा रणबहादुर शाहका शासनकालका स्पष्ट सङ्केत गरेको छ । यस नाटकका घटनाहरू त्यही समयमा घटेका हुन् । त्यसैले यस नाटकको कालगत परिवेशका रूपमा रणबहादुर शाहको शासनकाल नै आएको छ । त्यसैगरी यस नाटकमा वातावरणगत/परिस्थितिक

परिवेशका रूपमा त्यसबेलामा सामाजिक, राजनीतिक, सांस्कृतिक आदि विभिन्न पक्षहरू झल्केका छन् ।

### ४.३.४ दृष्टिविन्दु

नाटकको दृष्टिविन्दुले नाटकीय कथानक अर्थात् नाटकीय घटनाक्रम कार्यव्यापार कुन पात्रका माध्यमबाट कसरी अगाडि बढेको छ भन्ने कुरालाई स्पष्ट पार्दछ । जसअनुसार मूल्याङ्कन गर्दा *श्री ५ रणबहादुर* शीर्षकको नाटकमा पात्रहरूले आफ्नो विचार र अभिव्यक्ति स्वयम् आफ्नै मुखबाट प्रस्तुत गरेको हुनाले नाटकीय सन्दर्भका आधारमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको कुरा स्पष्ट हुन्छ ।

### ४.३.५ मुख्य चिन्तन

यस नाटकको मुख्य चिन्तन अर्थात् उद्देश्य भनेको राष्ट्रिय एकता र मेलमिलापमा जोड दिनु हो किनकि नाटकको घटनाक्रम अनुसार दरबारको आपसी खिचातनीको कारण भारदारहरूमा आएको विचलन र आपसी गुटबन्दीले गर्दा देशलाई ठूलो नोक्सानी भएको कुरा नाटकमा देखाइएको छ । नाटकले आपसी कलहले देशमा अशान्ति र अस्थीरता पैदा हुने तथा मेलमिलापले शान्ति र समृद्धि प्राप्त हुन्छ भन्ने कुरालाई नाटकीय उद्देश्य अर्थात् सन्देशका रूपमा प्रस्तुत गरेको छ। अतः यही नै यस नाटकको मुख्य चिन्तन हो भन्ने कुरा स्पष्ट हुन्छ ।

## ४.४ जितेन्द्र महत अभिलाषीका नाट्य प्रवृत्ति

नेपाली साहित्यको नाट्य विधामा नै रमाएका जितेन्द्र महत अभिलाषीको प्रमुख नाट्य प्रवृत्ति भनेको ऐतिहासिकता हो । उनले विशेष गरी नाटकको पनि रेडियो नाटक धेरै लेखेका छन् । उनी केवल नाटककार मात्र थिएनन् । कुशल नाट्य अभिनेतासमेत भएको तथ्य उनको जीवनी अध्ययनबाट स्पष्ट हुन्छ । उनी सफल नाटककार मात्र नभएर कुशल निर्देशक र अभिनयकर्ता पनि हुन् । अतः यहाँ नाटककार अभिलाषीको नाट्य प्रवृत्तिलाई बुँदागत रूपमा प्रस्तुत गरी निम्न बमोजिम व्याख्या विश्लेषण गरिएको छ ।

### ४.४.१ ऐतिहासिकता

उनको पुस्तकाकार रूपमा प्रकाशित नाटक *श्री ५ रणबहादुर शाह* हो । यसमा शाहकालीन राजनीतिक खिचातानीको प्रस्तुति पाइन्छ । इतिहासका पानामा घटेका घटनालाई नाटककार अभिलाषीले किञ्चित कल्पनाको समेत प्रयोगले यथार्थ झैँ बनाएको पाइन्छ । उनको पुस्तकाकार रूपमा प्रकाशित नाटक यही हो । यस नाटकमा हाम्रो नेपाली इतिहास र यथार्थ घटनाक्रमको वर्णन गरिएको पाइन्छ ।

प्रस्तुत नाटकका अतिरिक्त केही साहित्यिक पत्रिकामा लघुनाटक तथा एकाङ्कीहरू पनि प्रकाशित छन् । उनको *दाइजो व्रतको दिन जब बेला बित्छ* शीर्षकको एकाङ्की हो तर आयामका दृष्टिले भने यो एकाङ्की पूर्णाङ्की नाटकका स्तरको छ । यसलाई नाटककार स्वयम्ले एकाङ्की भनेका छन् । आकारगत रूपमा हेर्दा यो श्री ५ रणबहादुर शाहभन्दा पनि ठूलो देखिन्छ । तर यसलाई एकाङ्की भन्नु विषय वस्तुगत दृष्टिले काम गरेको छ भन्न सकिन्छ । यसमा मानिसहरू समय बितेपछि मात्र आफ्नो काममा हतारो गर्छन् भनिएको छ ।

प्रस्तुत *दाइजो व्रतको दिन जब बेला बित्छ* ले दाइजो प्रथाको कुरूप पक्षलाई उजागर गरेको छ । नेपालमा परापूर्व कालदेखि नै दाइजो प्रथा रहिआएको थियो र अहिले पनि यो कुनै न कुनै रूपमा विद्यामान छ । यही कुराको चित्रण नाटककारले यसमा गरेका छन् । यसमा उनी सफल पनि भएका छन् । नेपाली समाजमा विद्यमान दाइजो प्रथा र त्यसको असरका विषयमा यस नाटकमा चर्चा गरिएको छ ।

प्रस्तुत नाटकको विषय ऐतिहासिक समेत छ । तसर्थ महतको मूल र प्रवृत्ति भनेको ऐतिहासिकता नै हो किनकि उनले *श्री ५ रणबहादुर* शीर्षकको नाटकमा नेपालको यथार्थ र वास्तविक इतिहासको सन्दर्भ उठाएका छन् ।

### ४.४.२ बालनाटककार

महत सामाजिक र ऐतिहासिक नाटककार मात्र नभएर बालनाटककार पनि हुन् । उनले बालस्वभावलाई मध्यनजर गर्दै तदनुरूपका नाटकहरू रचना गरेका छन् ।

यस्ता नाटकमा उनको २०४५ साल भदौ महिनाको *तुमुल* पत्रिकामा प्रकाशित *ग्रह त्याग* एकाङ्की हो । यस नाटकको मूल विषयवस्तु सिद्धार्थ गौतमको गृहत्यागको प्रसङ्गसँग सम्बन्धित छ तर विषयवस्तुको प्रस्तुतीकरण बालस्वभावलाई ध्यानमा राखेर गरिएका छ । यो महतको अर्को प्रमुख नाट्य प्रवृत्ति बन्न गएको छ । किनकि यहाँ बालमनोविज्ञानमा गहिरो प्रभाव पार्ने खालको विषयवस्तु समावेश गरिएको छ ।

### ४.४.३ प्रयोगवादी नाटककार

जितेन्द्र महत अभिलाषीको प्रयोग पक्षलाई उजागर गर्ने नाटक *श्री ५ बडा महाराजधिराज पृथ्वी र हाम्रो एकीकरण* हो । यो प्रदर्शनका लागि तयार पारिएको नाटक हो । यसलाई जब पुस्तकाकार रूपमा प्रकाशन गर्न तयार पारियो त्यतिखेर चित्रसहित यसलाई प्रकाशित गरियो । भावानुकूलको चित्र संयोजनले नाटक आस्वादन प्रभावकारी बनेको  पाइन्छ । ऐतिहासिक विषयवस्तु झल्काउने चित्र संयोजन भएकाले यसलाई चित्र नाटकसमेत भन्न सकिन्छ । यस नाटकमा नेपालको एकीकरण अभियानमा पृथ्वीनारायण शाहले खेलेको भूमिकालाई प्रस्तुत गरिएको छ ।

प्रस्तुत नाटकले अभिलाषीलाई नवीन प्रयोगकर्ताका रूपमा स्थापना गऱ्यो तसर्थ उनलाई प्रयोगवादी नाटककारभन्दा अन्यथा हुँदैन । यो पनि उनको एक महत्त्वपूर्ण नाट्य प्रवृत्ति नै हो किनकि यसमा हाम्रो इतिहासलाई आधुनिक ढङ्गले प्रयोग गरिएको छ ।

### ४.४.४ राजनीतिक अवस्थाको चित्रण

नाटककार अभिलाषीले आफ्ना नाटकमा राजनीतिक अवस्थाको समेत चित्र खिचेका छन् । उनका नाटकले नेपालको त्रिपक्षीय सत्ता राजनीतिलाई अभिव्यक्त गरेका छन् । नेपालमा राणाशासनको सुरुवात हुनुभन्दा पहिलेदेखि नै नेपालमा साना सङ्घर्षको सुरुवात भएको तथ्य यस नाटकले अभिव्यक्त गरेको छ । महतका नाटकले राज खानदानसँग सम्बन्धित विभिन्न घटनाहरूलाई देखाइएकाले यो पनि उनको एक उल्लेख्य नाट्य प्रवृत्ति बन्न पुगेको  छ ।

### ४.४.५ विज्ञान प्रविधि प्रयोगधर्मी नाटककार

जितेन्द्र महत अभिलाषीका नाटकमा विज्ञान प्रविधिको पनि प्रयोग भएको पाइन्छ । २०४९ वैशाख महिनाको *गरिमा* पत्रिकामा *बेला बितेपछि* एकाङ्की प्रकाशित भएको देखिन्छ । यस एकाङ्कीले इन्जिनियरिङ, विज्ञान आदिको प्रयोग सफलतापूर्वक गरेको भेटिन्छ । उनले आफ्ना एकाङ्की नाटकमा आधुनिक विज्ञान र प्रविधिले समाजमा ल्याएको परिवर्तन तथा मानवीय विचार र व्यवहारमा ल्याएको परिवर्तनका विषयमा पनि चर्चा गरेका छन् ।

त्यसैगरी यिनकै अर्को नाटक *दाइजो बेला बितेपछि* को पनि विषय विज्ञान प्रविधि केन्द्रित रहेको देखिन्छ । विभिन्न किसिमका आविष्कारहरूसँग सम्बन्धित विषयलाई उनले सफलतापूर्वक देखाएकाले यो उनको नाट्य प्रवृत्ति बन्न पुगेको हो ।

### ४.४.६ बिम्ब र प्रतीक

यस नाटकमा खास गरी नेपाल एकीकरण अभियानको एउटा महत्त्वपूर्ण काल खण्डको विषयमा चर्चा गरिएको छ । यसले राजालाई राष्ट्रिय एकता र धार्मिक स्वतन्त्रताको प्रतीक मानेको छ भने आपसी झैझगडा र गृहकलहले देशमा उत्पन्न असहज परिस्थितिलाई चित्रण गर्नका लागि तत्कालीन समयका प्रमुख भारदारी शक्ति र महारानीद्वयलाई द्वन्द्वको बीजका रूपमा अर्थात् विम्बका रूपमा प्रस्तुत गरएको छ । यहाँ काशी प्रवास, दरबारको षड्यन्त्र, युद्ध, झगडा, सत्याहत्या जस्ता कुराहरू कतै विम्बात्मक रूपमा त कतै प्रतीकात्मक रूपमा उपस्थित भएर तत्कालीन ऐतिहासिक घटनाक्रम र कालखण्डकाको यथार्थ चित्रण गरिएको छ ।

### ४.४.७ भाषाशैली

यस नाटकको भाषाशैली सरल सहज र बोधगम्य खालको छ । यसमा प्रयुक्त सरल एवम् सरस भाषाशैलीले गर्दा नाटकलाई थप पठनीय र आस्वादनीय तुल्याएको छ । यहाँ विभिन्न प्रकारका संस्कृत/तत्सम, तद्भव तथा आगन्तुक स्रोतका शब्दहरूको प्रयोग गरिएको छ । साथै सरल, संयुक्त र मिश्र वाक्यको प्रयोग पनि नाटकमा कुशल

रूपमा भएको छ । यसको भाषाशैली आलङ्कारिक किसिमको देखापर्छ । यही आलङ्कारिकताले गर्दा उनका नाटकहरू निकै पठनयोग्य बनेका छन् । भाषाशैलीको प्रयोगमा उनको नाट्य रचनाको उत्कृष्ट पनि कौशल स्पष्ट रूपमा झल्किएको छ । नाटक एक अभिनेय विधा भएकाले यसमा संवादात्मक भाषाशैलीको प्रयोग हुनु स्वाभाविक मान्न सकिनछ । उक्त संवादभित्र पनि वादविवाद, प्रश्नोत्तर र द्वन्द्वात्मक परिस्थितिको चित्रण हुनुले भाषाशैलीका दृष्टिमा नाटक उत्कृष्ट देखापर्छ ।

## ४.५ निष्कर्ष

यस परिच्छेदमा खासगरी नाटककार जितेन्द्र महत अभिलाषीका नाट्यकृतिहरूको सामान्य परिचय र टीकाटिप्पणी एवम् *श्री ५ रणबहादुर* नामक नाटकको विधातात्विक अध्ययन गरिएको छ । जसको आधारमा भन्नुपर्दा यस नाटकको विषयवस्तु प्रसिद्ध घटनाक्रममा आधारित ऐतिहासिक खालको छ । यसले तत्कालीन नेपालको सामाजिक एवम् राजनीतिक घटनाक्रमको सन्दर्भलाई समेत छोएको छ । देशमा उत्पन्न जटिल परिस्थितिलाई नाटकले गम्भीर रूपमा प्रस्तुत गरी राष्ट्रिय एकता र मेलमिलामा जोड दिएको छ ।

यस नाटकको कथानक तत्कालीन दरबारमा घटित घटनाक्रम र परिस्थितिको चित्रणमा केन्द्रित रहेको छ । यस नाटकका प्रमुख पात्र अर्थात् नायक श्री ५ रणबहादुर शाह हुन् । त्यस्तै नायिकाहरूमा रणबहादुर शाहकै महारानीहरू रहेका छन् । सहायक पात्रका रूपमा भीमसेन थापा, कालु पाण्डे लगायतका दरबारीया भारदारहरू रहेका छन् । यस नाटकको परिवेश तत्कालीन दरबार, काशी र बनारस एवम् सामाजिक, सांस्कृतिक र राजनीतिक परिस्थितिको चित्रणमा केन्द्रित छ । यस नाटकमा प्रथम पुरूष दृष्टिविन्दुको प्रयोग गरिएको छ भने नाटकको प्रमुख उद्देश्य वा मुख्य चिन्तन भनेको आपसी कलह र झैझगडा भन्दा एकता र मेलमिलापले देशको उन्नति र विकास हुन्छ भन्नु हो । यस नाटकमा विभिन्न प्रकारका बिम्ब प्रतीक र अलङ्कारको प्रयोग गरिएको पाइन्छ । तत्सम, तद्भव र आगन्तुक गरी तीनै स्रोतका शब्दको प्रयोग एवम् सरल सहज र बोधगम्य प्रश्नोत्तरात्मक-संवादात्मक भाषाशैलीको प्रयोग यस नाटकमा गरिएको छ ।

# पाँचौं परिच्छेद

# उपसंहार तथा निष्कर्ष

## ५.१ सारांश

साहित्यकार एवम् कलाकर्मी व्यक्तित्व जितेन्द्र महत अभिलाषीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित यस शोधपत्रको पहिलो परिच्छेदमा शोधपरिचयअन्तर्गत विषयपरिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्त्व, शोधको सीमाङ्कन, शोधविधि एवम् शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेदमा जितेन्द्रमहत अभिलाषीको जीवनीअन्तर्गत उनको जन्म र जन्मस्थान, शिक्षादीक्षा, पारिवारिक जीवन, घरपरिवार, व्रतबन्ध, विवाह, छोराछोरी, रुचि, स्वभाव आदिका विषयमा चर्चा गरिएको छ ।

तेस्रो परिच्छेदमा जितेन्द्र महत अभिलाषीको व्यक्तित्वअन्तर्गत उनको व्यक्तित्वका विभिन्न आयामहरूका रूपमा उनका आन्तरिक व्यक्तित्व, बाह्य व्यक्तित्व, साहित्यिक व्यक्तित्व, साहित्यइतर व्यक्तित्व, राजनीतिक व्यक्तित्व, कलाकर्मी व्यक्तित्व, पत्रकार व्यक्तित्व, सामाजिक व्यक्तित्व, निर्देशक व्यक्तित्व, लेखक व्यक्तित्व, कवि व्यक्तित्व, कथाकार व्यक्तित्व, उपन्यासकार व्यक्तित्व, नाटककार व्यक्तित्व र निबन्धकार व्यक्तित्वका विषयमा सङ्क्षिप्त चर्चा गरिएको छ ।

चौथो परिच्छेदमा अभिलाषीका नाट्यकृतिहरूको सङ्क्षिप्त चर्चा एवम् श्री ५ रणबहादुर नाटकको विधातात्त्विक अध्ययन प्रस्तुत गरिएको छ भने पाँचौं परिच्छेदमा अघिल्ला चार परिच्छदेका सारांश प्रस्तुत गर्नुका साथै समग्र शोधको निष्कर्षसमेत प्रस्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

नेपाली रङ्गमञ्चदेखि ठूलो पर्दाको चलचित्रसम्म उत्तिकै सशक्त खुबी भएका जितेन्द्र महत अभिलाषीको जन्म वि.सं. २००० भदौ २५ गते नुवाकोट जिल्लाको कविलासमा भएको थियो । औपचारिक रूपमा आई.ए. सम्मको अध्ययन पूरा गरेका अभिलाषीले अनौपचारिक रूपमा विविध विषयको तालिम र स्वाध्ययनबाट आफ्नो ज्ञानको क्षेत्रलाई फराकिलो बनाएको पाइन्छ ।

उनले विद्यार्थी जीवनकालदेखि नै रङ्ग मञ्चीय साहित्यमा रुचि लिएको पाइन्छ । अभिलाषीले नाटक, एकाङ्की, रेडियो प्रस्तोता अभिनयकर्ता, निर्देशक, सम्पादक जस्ता बहुआयामिक क्षेत्रमा संलग्न भए पनि उनको मुख्य कार्यक्षेत्र भने रङ्गमञ्चीय अभिनय र रेडियो नाटक प्रस्तोताका रूपमा रहेको पाइन्छ । जीवन निर्वाहका निम्ति नेपाली सेनामा जागिर खाँदा उक्त संस्थाका विभिन्न समयमा हुने दिवस आदिमा सानातिना नाटक लेख्ने र मञ्चन गर्दै अगाडि बढेका अभिलाषीको पहिलो साहित्यिक रचना *श्री ५ रणबहादुर शाह* नामक ऐतिहासिक नाटक (वि.सं. २०२६) हो जुन उनकै निर्देशन र अभिनयमा देखाइएको थियो । यसरी साहित्यका विविध आयामलाई सफलतापूर्वक अगाडि बढाउँदै देश र जनताप्रति चेतनामूलक सन्देश प्रवाह गर्ने अभिलाषीको मृत्यु २०६१ असोज ११ गते भएको थियो ।

महतका कतिपय नाटक बालकेन्द्रित रहेका छन् । उनले बालस्वभावलाई मध्यनजर गर्दै तदनुरूपका नाटकहरू रचना गरेका छन् । उनले बालबालिकाका रुचिलाई ध्यानमा राखेर लेखेको नाटक *ग्रह* हो । उनको यो  नाटक २०४५ साल भदौ महिनाको *तुमुल* पत्रिकामा प्रकाशित भएको छ । यसको मूल विषयवस्तु सिद्धार्थ गौतमको गृहत्यागसँग सम्बन्धित छ तर विषयवस्तुको प्रस्तुतीकरण भने उनले बालस्वभावलाई ध्यानमा राखेर गरेका छन् । यो उनको अर्को प्रमुख नाट्य प्रवृत्ति बन्न गएको छ ।

जितेन्द्र महत अभिलाषीको प्रयोग पक्षलाई उजागर गर्ने नाटक *श्री ५ बडा महाराजधिराज पृथ्वी र हाम्रो एकीकरण* हो । यो प्रदर्शनका लागि तयार पारिएको नाटक हो । यसलाई जब पुस्तकाकार रूपमा प्रकाशन गर्न तयार पारियो त्यतिखेर यसलाई चित्रसहित प्रकाशित गरियो । भावानुकूलको चित्र संयोजनले नाटक आस्वादनीय र प्रभावकारी बनेको पाइन्छ । ऐतिहासिक विषयवस्तु झल्काउने चित्र संयोजन भएकाले यसलाई चित्रनाटक समेत भन्न सकिन्छ । चित्र नाटकले पाठकको मानसपटलमा एक प्रकारको प्रतिविम्ब खडा गरेको हुन्छ । उनको यो नाटक भावकको मनमा गहिरो प्रभाव पार्न सक्ने खालको देखापर्छ ।

नाटककार अभिलाषीले आफ्ना नाटकमा राजनीतिक अवस्थाको समेत चित्र खिचेका छन् । उनका नाटकले नेपालको त्रिपक्षीय सत्ता राजनीतिलाई अभिव्यक्त गरेका छन् । नेपालमा राणाशासनको सुरुवात हुनुभन्दा पहिलेदेखि नै नेपालमा साझा सङ्घर्षको सुरुवात भएको तथ्य यस नाटकले अभिव्यक्त गरेको छ । महतका नाटकले राज खान्दानसँग सम्बन्धित विभिन्न घटनाहरूलाई देखाएकाले यो पनि उनको एक महत्त्वपूर्ण नाट्य प्रवृत्ति बन्न पुगेको देखिन्छ । शाहवंशीय शासनकालका विभिन्न ऐतिहासिक सन्दर्भ र कालक्रमिक घटनाक्रमको वर्णन उनका नाटकमा निकै मार्मिक ढङ्गमा प्रस्तुत गरिएको पाइन्छ ।

जितेन्द्र महत अभिलाषीका नाटकमा विज्ञान र प्रविधिको पनि प्रयोग भएको पाइन्छ । २०४९ साल वैशाख महिनाको *गरिमा* पत्रिकामा *बेला बितेपछि* शीर्षकको एकाङ्की प्रकाशित भएको देखिन्छ । यस एकाङ्कीले इन्जिनियरिङ, विज्ञान आदिको प्रयोग सफलतापूर्वक गरेको भेटिन्छ । भाषा, साहित्य र कलामा विज्ञान र प्रविधिको नवीन विषयलाई समेट्न सक्नु उनको एउटा प्रमुख विशेषता पनि हो ।

२०३९ सालको *सिपाही* पत्रिकामा उनको *उहिले र अहिलेका कुरा* नामक एकाङ्की नाटक प्रकाशित भयो । उनका अन्य दुई बालनाटकका रूपमा *श्री ५ बडामहाराजाधिराज पृथ्वी* (२०४५) *र हाम्रो एकीकरण* (२०४५) रहेका छन् । यी दुवै बालचित्रनाटक धारावाहिक रूपमा रहेका छन् । यी दुईओटै नाटक बालबालिकाहरूलाई नेपालको इतिहास निर्माणमा शाह वंशीय राजाहरूको योगदानको वर्णन गर्नु हो । त्यसै गरी २०४९ साल वैशाख महिनाको *गरिमा* पत्रिकामा महतको *बेला बितेपछि* एकाङ्की प्रकाशित भएको छ । यस एकाङ्कीको विषयवस्तु विज्ञान र प्रविधि रहेको छ । उनको पूर्णाङ्की नाटक *श्री ५ रणबहादुर* हो । यस नाटकले नेपालको इतिहासको त्रिपक्षीय सत्ता सङ्घर्षलाई विषयवस्तु बनाएको छ ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, कमल, “नर्मदेश्वरी सत्यालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन”, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६९ ।

आचार्य, पुष्प, *मारूनी स्मारिका,* अङ्क १२, २०६९ पृ. २४ ।

कोइराला, कुमारप्रसाद, *केही आधुनिक नाटक र नाटककार,* काठमाडौं : ओरिएन्टल प्रकाशन, २०६६ ।

खनाल, किशोर, मैना, *वर्गीय राष्ट्रिय दैनिक,* वर्ष १, अङ्क २५, पृ. ४, २०६२ ।

डङ्गोल, आर.एम., ‘सार्थक जीवनका लागि मृत्यु चिन्तन’, *त्रिशुली प्रवाह,* २०६१ ।

तिम्सिना, कृष्ण, “एक्सन नेपाल” *समाचार पत्र,* वर्ष १, अङ्क ३४२, पृ. ३, २०५४ ।

थापा, अशोक, *नाट्य समीक्षा र अन्य समालोचना,* काठमाडौं : न्यू हीरा बुक्स इन्टरप्राइजेज, २०६५ ।

दत्त, प्रवीण, ‘छचल्कियो नारी वेदना’, *साप्ताहिक,* वर्ष ११, अङ्क १६, पृ. ८, २०६९ ।

*नेपाल समाचार पत्र,* ‘अभिलाषीको निधन’, वर्ष ९, अङ्क २५१, पृ. ३, २०६१ ।

पोखरेल, लाडिआर, ‘चितवनमा पुस्तक र पत्रपत्रिकाहरूको नालीबेली’, *अभियान,* २०६८ ।

भट्टराई, गोविन्दप्रसाद, *भरतमुनि नाट्यशास्त्र,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान, २०३९ ।

भण्डारी, पारसमणि र अन्य, *नेपाली गद्य र नाटक,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६७ ।

मल्ल, अशेष (२०५८), *अवलोकन,* सम्पा. रामचन्द्र पोखरेल, वर्ष २ अंक २, २०५८ ।

…………, *सडक नाटक सिद्धान्त सिर्जना र प्रस्तुति,* काठमाडौं : एकता बुक्स, २०६६ ।

लुइटेल, खगेन्द्रप्रसाद, *नेपाली नाट्य समालोचना,* काठमाडौं : पैरवी प्रकाशन, २०६७ ।

क्षेत्री, डब्बु, ‘कला क्षेत्रमा अभिलाषीको अभाव खड्किरहनेछ’, *राजधानी,* वर्ष ६, अङ्क ६९, पृ. ३, २०६१ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद *शोधविधि,* चौ.सं. ललितपुर : साझा प्रकाशन, २०६६ ।

सुवेदी, देवीप्रसाद, *नाट्य सिद्धान्त,* काठमाडौं : एकता प्रकाशन, २०७० ।

*हिमालय टाइम्स,* ‘सर्वनामको सत्रौ वार्षिकोत्सव : सर्वनाम पुरस्कार अभिलाषीलाई’, वर्ष ६, अङ्क ६९ पृ. ३, २०५५ ।

## परिशिष्ट -क

## जीतेन्द्रमहत अभिलाषीकी श्रीमती मीठुकुमारीसँग लिइएको अन्तर्वार्ता

मिति : २०७२/०४/१५

१. अभिलाषी कस्तो स्वभावको हुनुहुन्थ्यो ?

उहाँ कम बोल्ने, मिलनसार र सहयोगी स्वभावको हुनुहुन्थ्यो । उहाँमा अनौठो प्रकारको नारीसुलभ गुण पनि थियो किनकि उहाँ दुना टपरी गाँस्ने, बत्ती काट्ने आदि जस्ता काम पनि गर्नुहुन्थ्यो ।

२. उहाँलाई कस्तो खानेकुरा मन पर्दथ्यो ?

सादा खाना, हरियो सागपात, ताजा फलफूल र दूध दही बढी मन पर्दथ्यो । उहाँ प्रायः दाल, भात, तरकारी र अचार नै खाने गर्नुहुन्थ्यो ।

३. उहाँको लगाउने कुरामा कस्तो रुचि थियो ?

सादा जीवन र उच्च विचार नै उहाँको जीवनको प्रमुख आदर्श भएकाले राम्रो लगाउने भन्दा पनि बढी सादा पोसाकमा रमाउने बानी थियो ।

४. उहाँको व्यवहारशैली कस्तो थियो ?

उहाँ ज्यादै सरल जीवनशैली बिताउन चाहनुहुन्थ्यो । त्यसैले सबैसँग हाँसेर कुरा गर्ने र सबैलाई सम्मान गर्ने बानी थियो ।

५. उहाँ पारिवारलाई कत्तिको समय दिनुहुन्थ्यो ?

उहाँ घरपरिवारलाई भन्दा पनि बढी आफ्नो जागिर, घुमफिर र नाट्य अभिनय क्षेत्रलाई बढी महत्त्व दिनुहुन्थ्यो । आवश्यक कामका लागि मात्र घरपरिवारलाई सम्झनुहुन्थ्यो ।

६. उहाँको सबैभन्दा राम्रो गुण के हो ?

उहाँको सबैभन्दा राम्रो गुण भनेकै हत्तपत्त नरिसाउने र सधैँ सबैसँग हाँसीहाँसी कुरा गर्ने बानी राम्रो गुण हो ।

७. उहाँ एउटा साहित्यकार एवम् कलाकर्मी भएकोमा कस्तो लाग्छ ?

ज्यादै खुसी लाग्छ तर उहाँका बारेमा जेजति मात्रामा चर्चा परिचर्चा हुनुपर्दथ्यो, त्यो हुन नसकेकोमा भने दुःख लाग्छ ।

८. उहाँका विषयमा सोध्न यस अगाडि कोही आएको थियो ?

छैन, उहाँ जीवित छउन्जेल धेरैजना आउने गर्दथे तर उहाँको निधनपश्चात् कोही पनि उहाँका बारेमा खोजी गर्न आएका छैनन् ।

९. अभिलाषीको जीवनका विषयमा कुनै पुस्तक छपाउने विचार छ ?

विचार त छ तर अहिलेसम्म कुनै तारतम्य मिलेको छैन । वातावरण मिल्नासाथ उहाँका विषयमा सम्पूर्ण जानकारी समेटेर एउटा राम्रो पुस्तक प्रकाशन गर्ने विचार छ ।

१०. राज्यका तर्फबाट उहाँका नाममा परिवारलाई कुनै सहयोग प्राप्त भएको छ ?

छैन, राज्यले उहाँलाई जुन रूपमा सहयोग र सम्मान गर्नुपर्दथ्यो त्यो गरेको छैन । किनकि उहाँले आफ्नो जीवनको सम्पूर्ण समय राज्यकै सेवा, साहित्य सिर्जना र अभिनयको क्षेत्रमा खर्चनुभयो अनि समाजमा चेतनामूलक सन्देश फैलाउने कार्यमा सहयोग गर्नुभयो ।

## परिशिष्ट-ख

## जीतेन्द्रमहत अभिषालीका सहकर्मी साथी मदन दास श्रेष्ठसँग लिइएको अन्तर्वार्ता

मिति : २०७२/०५/०६

१. तपाइँ अभिलाषीलाई कस्तो रूपमा सम्झनुहुन्छ ?

म र अभिलाषी सहकर्मी साथी हौं । त्यसैले म उहाँलाई राम्ररी चिन्दछु । उहाँको बानी ज्यादै सरल र मिलनसार थियो । घरपरिवारभन्दा पनि बढी उहाँले आफ्नो कार्यक्षेत्र र साथीभाइलाई समय दिनुहुन्थ्यो । यसरी हेर्दा म उहाँलाई आफ्नो पेसाप्रति इमानदार, राष्ट्रसेवक कर्मचारी एवम् साहित्य र कलाप्रति समर्पित व्यक्तित्वका रूपमा चिन्दछु । साथै राजा र राजसंस्थाप्रति पनि उहाँको असीम श्रद्धा रहेको कुरा पनि भन्न चाहन्छु ।

२. उहाँलाई तपाइँ कस्तो व्यक्तित्वका रूपमा चिन्नुहुन्छ ?

उहाँ धेरै खुबी र विशेषता भएको व्यक्ति हुनुहुन्थ्यो । उहाँले सैनिक पेसाको जागिरदेखि लिएर रेडियो नेपालको प्रस्तोता हुँदै नाट्यलेखन र अभिनयका क्षेत्रमा पनि आफूलाई कुशल रूपमा प्रस्तुत गर्नुभयो । उहाँले रेडियो नाटक उत्पादनदेखि ठूला रङ्गमञ्चीय र चलचित्र नाटकमा समेत अभिनयको भूमिका निर्वाह गर्नु भएको छ । यस आधारमा भन्नुपर्दा उहाँलाई एउटा रङ्गकर्मी अर्थात् अभिनयकर्ताका रूपमा म चिन्दछु ।

३. उहाँका प्रकाशित नाट्यकृतिका विषयमा तपाइँलाई केही थाहा छ ?

मलाई जानकारी भएअनुसार उहाँको *श्री ५ रणबहादुर* शीर्षकको नाटक प्रकाशित भएको र मञ्चित पनि भएको छ । अन्य नाटक भने मञ्चन धेरै भएका छन् तर प्रकाशन भएका छैनन् ।

४. उहाँका विषयमा अरूलाई थाहा नभएको तर तपाइँलाई थाहा भएको केही कुरा छ कि ?

छ हामी ज्यादै मिल्ने साथी थियौं । युवा अवस्थामा हामी घरपरिवारको आँखा छलेर विभिन्न ठाउँमा जाने र रक्सी पिएर पत्रिका ओछ्याएर पाटीमा सुतेको घटना पनि मेरो मस्तिष्कमा ताजा छ ।

५. उहाँले नाट्य क्षेत्रमा प्रवेश गर्नुका पछाडि कलाई प्रेरणाको स्रोत मान्नुहुन्थ्यो ?

उहाँले कलाकार श्यामदास वैष्णव र नाट्यकर्मी अशेष मल्ललाई विशेष गुरुका रूपमा मान्नुहुन्थ्यो । त्यसैले उहाँहरूकै प्रेरणा र प्रभावले गर्दा नाट्यक्षेत्रमा प्रवेश गर्नु भएको हो भन्ने कुरा स्पष्ट हुन्छ ।

६. राज्यले उहाँलाई कस्तो सम्मान दिनुपर्दछ भन्ने लाग्छ ?

उहाँ त राज्यका लागि एउटा उदाहरणीय व्यक्ति हो । त्यसैले उहाँलाई कुशल अभिनयकर्ता एवम नाट्यकर्मी तथा असल राष्ट्रसेवक कर्मचारीका रूपमा सम्मान गर्नुपर्दछ किनकि उहाँले साहित्य, कला संस्कृति र सामाजिक विकासका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउनुभएको छ ।

## परिशिष्ट-ग

## जीतेन्द्रमहत अभिषालीका ठूलो बुबाका छोरा देवेन्द्रसिंह महतसँग लिइएको अन्तर्वार्ता

मिति : २०७२/०५/०८

१. अभिलाषीको जन्म कति सालमा भएको हो ? माता पिताको नाम के हो ?

भाइको जन्म २००० साल भदौ २५ गते मङ्गलबार कृष्णपक्ष सप्तमी तिथिमा बाबु पूर्णबहादुर महत र माता लक्ष्मीकुमारी महतका माइलो सन्तानका रूपमा भएको हो ।

२. तपाईं त्यस जन्म समयलाई सम्भन सक्नुहुन्छ ?

धेरै समय भयो तर पनि मलाई थाहा छ, त्यस समयमा घरमा धार्मिक कार्यक्रम पूजापाठ भएको थियो । न्वारानमा वृषराशी शम्भु महत भनेर गुरुले नामकरण गर्नु भएको थियो । पछि कसरी जितेन्द्र महत अभिलाषी भयो, त्यो भने मलाई थाहा छैन ।

३. अभिलाषीको बाल्यवस्था र स्वभाव कस्तो थियो ?

हाम्रो परिवार गाउँघरको सामान्य किसानी परिवार हो । काकी बिरामी पर्नुभयो, जितेन्द्रको प्राण बचाउन माइजूको दुध खुवाइएको भने मलाई थाहा छ । जितेन्द्र भावुक मिलनसार, नरिसाउने, कल्पनाशील मान्छे हो ।

४. व्रतबन्ध कहिले भएको थियो ? सम्भना छ ?

धार्मिक परम्पराअनुसार २०१० सालमा भएको हो ।

५. अक्षरारम्भ एवम् शिक्षादीक्षाका बारेमा केही थाहा छ ?

२००६ सालमातिर हाम्रा गाउँमा जीवनाथ अधिकारी नामका गुरु हुनुहुन्थ्यो । उहाँबाट नै अक्षरराम्भ, वर्णमाला सिकेको हो । हामीभन्दा तेजिलो दिमाग थियो । दुई महिनामा अक्षर चिनेर वर्णमाला पढिसक्दा गुरु पनि आश्चर्यमा पर्नुभएको थियो । कक्षा तीनदेखि हामी काठमाडौं क्षेत्रपाटी स्थित जुद्धोदय पब्लिक हाइस्कुलबाट प्रारम्भ गरेको हो । त्यसपछि काकाको पल्टन विराटनगरमा सऱ्यो र हामीले पनि मा.वि. स्तरको शिक्षा विराटनगरमा रहेको महेन्द्र रात्रि मा.वि. बाट

गऱ्यौँ । एस.एल.सी. पनि त्यही स्कुलबाट द्वितीय श्रेणीमा पास गरेको थियो । उच्च शिक्षा महेन्द्र क्याम्पस, ताहाचलबाट नेपाली विषयमा प्रवीणता प्रमाणपत्र तह पास गरेको थाहा छ ।

६. अभिलाषी साहित्य कलातर्फ कसरी लाग्नुभयो ? तपाइँको अनुभव सुनाउनुहोस् ।

जितेन्द्रलाई साहित्यतर्फ लाग्ने प्रेरण आर्मीको जागिरबाटै मिलेको थियो । पल्टनमा हुने दसैँ, तिहार जस्ता धार्मिक पर्वका समयमा हुने सांस्कृतिक कार्यक्रममा नाचगान नाटकहरू देखाइन्थ्यो र त्यसबाट पनि जितेन्द्रलाई केही प्रेरणा मिलेको थियो । उनी एकजना राई थरकी केटीको प्रेममा परेका थिए । उनीहरू  विवाह पनि गर्न चाहन्थे तर परिवारबाट अजातकी केटी भनेर अस्वीकार गरेर अर्कै केटीसँग विवाह हुँदा तत्कालीन समयमा त्यसले उनलाई दुःखी बनाएको कुरा मसँग गर्थे । केही समयपछि जितेन्द्रले आफ्नै प्रेम प्रसङ्गलाई कथावस्तु बनाएर नाटक लेखेर मञ्चन पनि गरेका थिए । यिनै कुराहरूबाट उनलाई साहित्य एवम् कलाक्षेत्रमा लाग्ने प्रेरणा मिलेको हो भन्ने मलाई लाग्छ ।

७. त्यस नाटकको नाम थाहा छ ?

थाहा छैन । मैलेँ भुलेँ । कापीमा लेखेर मञ्चन गरेको कुरा मात्रै थाहा छ ।